राष्ट्रिय वाणिज्य बैंक लि.

RASTRIYA BANIJYA BANK LTD.

.....तपाईंको आफ्नै बैंक

नवौं वार्षिक प्रतिवेदन
२०७०/०७१

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

सिंहदरबारप्लाजा, काठमाडौं

Board of Directors

Dr. Rewat Bahadur Karki
Chairman

Dilli Prasad Siwakoti
Director

Dr. Jitendra Prasad Upadhya
Director

Gyanendra Raj Koirala
Director

Batuknath Dhakal
Director

Hari Prasad Munakami
Director

Shiba Devi Kafle
Director

Krishna Prasad Sharma
Chief Executive Officer

Bhesh Raj Panthi
Act. Deputy CEO

Krishna Sharma Poudel
Company Secretary

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.

तपाईंको आफ्नै बैंक

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

नवौं साधारण सभा

वार्षिक प्रतिवेदन
२०७०/०७१

मितिः २०७१।१२।३०

विषय सूची

सि.नं.	विषय	पेज नं.
१	नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना	१
२	सञ्चालक समितिको वार्षिक प्रतिवेदन	२-१३
३	लेखा परीक्षण प्रतिवेदन	१४-१८
४	वासलात	१९
५	नाफा नोक्सान हिसाब	२०
६	नाफा नोक्सान बाँडफाँड हिसाब	२२
७	शेयरधनीको इक्वीटीमा परिवर्तनको विवरण	२३
८	नगद प्रवाह विवरण	२४
९	अनुसूचीहरु	२५-६४
१०	प्रमुख लेखा नीतिहरु	६५-६८
११	लेखा सम्बन्धि टिप्पणीहरु	६९-८६
१२	नेपाल राष्ट्र बैंकको वित्तीय विवरण प्रकाशन सम्बन्धी पत्र	८७-८८
१३	महत्वपूर्ण टिपोटहरु	८९-९२

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

सिंहदरवारप्लाजा, काठमाडौंको

नवौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस बैंकको मिति २०७१।१२।०८ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार निम्न मिति, समय र स्थानमा यस बैंकको नवौं वार्षिक साधारण सभा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. सभा हुने मिति, समय र स्थान :

मिति : २०७१।१२।३० गते सोमवार ।

समय : दिउँसो ४:१५ बजे ।

स्थान : बैंकको केन्द्रीय कार्यालय भवन, सिंहदरवारप्लाजा, काठमाडौं ।

२. छलफलका विषयहरु :

(क) सामान्य प्रस्ताव

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७०।०७१ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

(२) लेखापरीक्षकहरुको प्रतिवेदन सहितको २०७१ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७०।०७१ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरणहरु सहितको वित्तीय विवरणहरु पारित गर्ने ।

(ख) विविध

संचालक समितिको आज्ञाले,

कम्पनी सचिव

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको

नवौं बार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्षले प्रस्तुत गरेको आ.व.२०७०।७१को

वार्षिक प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरु,

सर्वप्रथम यस बैंक को नवौं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी प्रतिनिधि महानुभावहरु, आमन्त्रित पर्यवेक्षक, लेखापरीक्षक एवं प्रमुख कार्यकारी अधिकृत लगायत सम्पूर्ण सहभागीज्यूहरुलाई संचालक समितिको तथा मेरो आफनै तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

यस गरिमामय वार्षिक साधारणसभामा बैंकको आव २०७०।७१ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउदा मैले गौरवान्वित महशुस गरेको छु । म यहाँ संक्षेपमा आर्थिक तथा वैकिङ्ग परिदृश्यको साथै वैकका गतिविधि, लेखापरीक्षण भएको २०७१ आषाढ मसान्तको वासलात, आ.व. २०७०।७१ को नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अन्य वित्तीय विवरण तथा २०७१।७२ को सुधार कार्यक्रम सहित संचालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दछु । बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०६३, कम्पनी ऐन २०६३ तथा नेपाल राष्ट्र बैंकको निर्देशन तथा अन्य प्रचलित कानुन अनुसार तयार गरिएको यो प्रतिवेदन प्रस्तुत गर्दै यसमा यहाँहरुबाट प्राप्त हुने सल्लाह, सुझाव तथा मार्ग निर्देशनले बैंकको कार्य योजना तथा लक्ष्य प्राप्तिमा सहयोग हुने समेत अपेक्षा गरिएको छ ।

१. आर्थिक परिदृश्य :

यसलाई विश्व र नेपालको आर्थिक परिदृष्य गरि दुई उपशीर्षकमा विश्लेषण गर्ने जमर्को गरिएको छ ।

क. **विश्व आर्थिक परिदृश्य:** विश्व आर्थिक परिदृश्यको समीक्षा गर्दा विश्व अर्थतन्त्रमा सन २०१२ को तुलनामा सन २०१३ मा केही मन्दता आएको देखिन्छ । अन्तराष्ट्रिय मुद्रा कोषका अनुसार मौद्रिक, वित्तीय तथा अन्य नीतिगत प्रयासको वावजुद पनि विश्वको यथार्थ आर्थिक वृद्धि सन २०१२ को ३.२ प्रतिशतवाट २०१३ मा ३ प्रतिशतमा ओर्लेको छ । जापानको आर्थिक वृद्धिमा केही सुधार (१.४ प्रतिशतवाट १.५ प्रतिशत) र युएसएको आर्थिक वृद्धि १.४ प्रतिशतवाट १.३ प्रतिशतमा घटेको तथा युरोजोन संकटवाट अझै मुक्त हुन नसकेको हुँदा विकसित देशहरुको वृद्धि २०१२ को १.४ प्रतिशतवाट १.३ प्रतिशतमा झरेको छ । उदीयमान मुलुकहरु र विकासशील एशियाको वृद्धि २०१२ को तुलनामा २०१३ मा ६.७ प्रतिशतवाट ६.५ प्रतिशतमा घटेको देखिएको छ । छिमेकी देशहरुमा चीनको वृद्धि ७.७ प्रतिशतको वृद्धि २०१३ मा पनि कायम रहेको छ भने भारतमा २०१३ मा ०.३ प्रतिशत विन्दुले घटेर ४.४ प्रतिशतको आर्थिक वृद्धि हासिल भएको देखिन्छ ।

आर्थिक वृद्धिमा केही सुस्तता आएतापनि विश्व मुद्रास्फीतिको सन्दर्भमा भने २०१२ को तुलनामा २०१३ मा सामान्य सुधार भई करीव २ प्रतिशतको हाराहारीमा रहेको उक्त कोषले जनाएको छ । युरोजोन र उदीयमान वजार र विकासशील अर्थतन्त्रमा मुद्रास्फीति घटेका कारणले विश्व मुद्रास्फीति कम भएको हो । युएसएमा मुद्रा स्फीति दर २०१३ मा १.४ प्रतिशतमा घटेतापनि खासगरी जापानमा ०.४ प्रतिशतवाट २०१३ मा तिव्र वृद्धि (२.८ प्रतिशत) भएको फलस्वरुप विकसित देशमा मुद्रास्फीति १.४ प्रतिशतवाट २०१३ मा १.५ प्रतिशत पुगेको छ । उदीयमान मुलुकहरु र विकासशील एशियामा मुद्रा स्फीति २०१३मा यथावत अर्थात ४.५ प्रतिशत नै रहेको छ । छिमेकी देशहरु-चीनमा मुद्रास्फीति यथावत (२.६ प्रतिशत) रहेको छ भने भारतमा १०.२ प्रतिशतवाट ९.५ प्रतिशतमा ओर्लेको छ ।

ख. **नेपालको आर्थिक परिदृश्य** : विश्व अर्थतन्त्रको विपरित नेपालको समष्टिगत आर्थिक स्थितिमा आ.व. २०७०।७१ मा केही सुधार भएको देखिन्छ । यसको मुख्य कारण सविधान सभाको दोश्रो निर्वाचन सम्पन्न भै मुलुकले निर्वाचित सरकार पाउनुका साथै शान्ति र राजनितिक स्थायित्वतर्फ अग्रसर रहेको फलस्वरुप अर्थतन्त्रमा केही अनुकुल प्रभाव पर्नु नै रहेको छ । केन्द्रीय तथ्यांक विभागवाट प्रकाशित राष्ट्रिय लेखा सम्वन्धी तथ्यांक अनुसार आ.व. २०७०।७१ (समीक्षा वर्ष) मा आर्थिक वृद्धि आधारभूत मूल्यमा अघिल्लो आर्थिक वर्षको ३.५ प्रतिशतवाट ५.२ प्रतिशत पुगेको छ । समीक्षा वर्षमा कृषि तथा सेवा क्षेत्रको वृद्धिदरमा उल्लेख्य सुधार आएको अनुमान छ । गत आ.व. मा कृषि क्षेत्रको ४.७ प्रतिशत र गैर-कृषि क्षेत्रको ५.३ प्रतिशतले वृद्धि भएको छ ।

समीक्षा वर्षमा मौसम अनुकूल भएको कारण कृषि उत्पादनमा उल्लेख्य वृद्धि भएको फलस्वरुप मुद्रास्फीति ९.१ प्रतिशत रहेको छ जवकि अघिल्लो वर्ष यस्तो मुद्रास्फीति ९.९ प्रतिशत रहेको थियो । प्रमुख मौद्रिक तथा वित्तीय परिसूचकहरुको स्थिति समीक्षा वर्ष मिश्रित रहेको छ । संकुचित र विस्तृत मुद्राप्रदाय दुवैको वृद्धि तीव्र वढेको छ भने कुल आन्तरिक कर्जाको वृद्धि दर १७.२ प्रतिशतवाट १२.६ प्रतिशतमा ओर्लेको छ । त्यस्तै सरकारी वित्तको स्थिति पनि मिश्रित रहेको छ । राजस्वको स्थिति राम्रो रहेतापनि सरकारी खर्च मुख्यतः पूँजीगत खर्चमा खासै सुधार हुन सकेको देखिदैन । त्यस्तै वैदेशिक व्यापारतर्फ आयात निर्यात दुवैमा वृद्धि भएतापनि निर्यातको तुलनामा आयातको वृद्धि उच्च रहेको कारण व्यापार घाटाको वृद्धि दर २९ प्रतिशत पुगेको छ । विप्रेषण आयको उल्लेख्य वृद्धिले गर्दा कुल शोधनान्तर वचत वढेर रु १२७ अरव पुगेको छ । वाह्य क्षेत्रमा मुख्यतः निर्यात वृद्धि र आयात निरुत्साहित गरी व्यापार घाटा कम गर्दै लैजाने मुख्य चुनौती देखिन्छ ।

२. समष्टिगत बैंकिङ्ग स्थिति :

समीक्षा वर्षमा समष्टिगत बैंकिङ्ग गतिविधि मिश्रित रहेको देखिन्छ । बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन १८.४ प्रतिशतले वृद्धि भएको छ भने अघिल्लो वर्ष यस्तो निक्षेप १७.४ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको निक्षेप परिचालन क्रमशः १७.८ प्रतिशत, २९.१ प्रतिशत र ५.७ प्रतिशतले बढेको छ । तर कर्जा तर्फ वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको कर्जा तथा लगानी वढे तापनि समष्टिगत कर्जा तथा लगानीको वृद्धिदर भने अघिल्लो वर्षको १८.६ प्रतिशतवाट समीक्षा वर्षमा १४.४ प्रतिशतमा झरेको छ । अघिल्लो वर्ष यी संस्थाहरुवाट निजी क्षेत्रमा प्रबाहित कर्जा २०.८ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा १८.७ प्रतिशतले मात्र वढेको छ ।

बैकिङ्ग क्षेत्रमा समीक्षा वर्ष उच्च तरलता रही व्याज दरमा कमी आएको छ भने नेपाल राष्ट्र वैकवाट इजाजतप्राप्त वैक वित्तीय संस्थाहरुको संख्या २०७० आषाढको ३१ वणिज्य वैकसहित २०७ वाट मर्जर एक्विजिशनको कारणले २०७१ आषाढमा २०४ मा झरेको छ जसमा एक वाणिज्य वैक घटी ३० रहेको छ । तर वैक वित्तीय संस्थाहरुको शाखा संजाल भने अघिल्लो वर्षको ३१३८ वाट वढेर ३४३० पुगी प्रति शाखाले औषतमा करीव आठ हजार जनसंख्यालाई सेवा पुऱ्याएको छ ।

३. वैंकको कारोवार तथा वित्तीय स्थिति :

वि.स. २०२२ माघ १० मा नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित यो बैंक २०६३ बैशाख ६ मा लिमिटेड कम्पनीको रुपमा संस्थापित भई बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०६३ बमोजिम क वर्गको इजाजतपत्र प्राप्त वाणिज्य वैकको रुपमा बैंकिङ्ग कारोवार गर्दै आइरहेको छ । वैकले वित्तिय क्षेत्र सुधार अनुरुप उपयुक्त नीति लिई कार्यान्वयन गरेको फलस्वरुप ग्राहकवर्गको अपार विश्वास एवं सदभाव प्राप्त गर्दै यो बैंक विद्यमान वाणिज्य बैंकहरुमध्ये निक्षेप परिचालन, कर्जा सापटी तथा लगानी, मुनाफा स्थिति, शाखा संजाल आदि दृष्टिकोणले विशेष स्थान लिएकोछ । यस बैंकको विगत वर्षहरुको वित्तीय कारोवार तथा स्थिति निम्न बमोजिम रहेको छ :

(रु. करोडमा)

विवरण	२०६७ आषाढ	२०६८ आषाढ	२०६९ आषाढ	२०७० आषाढ	२०७१ आषाढ	२०७१ पौष
पूँजीकोष रकम	(१२२०)	(१०५३)	(४९७)	१७६	२३८	५९९
पूँजीकोष अनुपात (%)	(२९.४६)	(२२.२८)	(९.७७)	२.९४	४.०६	१०.०९
निक्षेप बृद्धि %	६८६३ ०.६९	७३९४ ७.७४	८७७८ १८.७२	९१०९ ३.७७	१०७२७ १७.७६	१०२५४ (४.४०)
कर्जा प्वाह बृद्धि %	३५६९ १२.९१	३६८५ ३.२५	४०४५ ९.७७	४९०५ २१.२६	५७२९ १६.७९	६५८९ १५.०१
लगानी बृद्धि %	१२९९ (१६.९४)	१५३३ १८.०१	२६५० ७२.८६	२९६९ १२.०४	३२०९ ८.०८	३१७२ (१.१५)
मुनाफा स्थिति	२०३	१७२	११५	१३१	१८४	३६०
मुनाफा बृद्धि %	५.७३	(१५.२७)	(३३.१४)	१३.१९	४०.४५	९५.६५
निष्कृय कर्जा %	९.८१	१०.९१	७.२७	५.३२	६.३८	३.७४
कर्जा निक्षेप अनुपात (%)	५२.०१	४९.८४	४६.०८	५३.८४	५३.४०	६४.२५
कर्मचारी संख्या	२६५१	२७४०	२४९९	२६४३	२५२३	२६४७
शाखा संख्या	१२८	१२८	१३४	१४५	१५५	१६०

* कोष्ठ भित्रको अकंले ऋणात्मक जनाउछ ।

माथिको स्थितिवाट के देखिन्छ भने बैंकको ऋणात्मक पूँजीकोष क्रमशः घट्दै गई २०७१ पौष*मा ने.रा.बैंकको निर्देशन बमोजिम पूंजीकोष अनुपात १०.०९ रहेको छ। निक्षेपमा अपेक्षाकृत बृद्धि हुदै गएको छ तर कर्जा तथा लगानीमा निक्षेपको अनुपातमा बृद्धि हुन नसके पनि क्रमशः वृद्धि हुदै गएको छ। कर्मचारी संख्या उपयुक्त स्थितिमा छ भने द्वन्द्वकालमा बन्द भएका बैंकका शाखाहरुलाई क्रमशः पुनर्स्थापना गर्दै लगिएको छ।

४. बैकका गतिविधिः

बैकका गतिविधिलाई देहाय अनुसार प्रस्तुत गरिएको छ

(क) **पूँजीको संरचनाः** यसको संरचना समीक्षा अवधिमा यथावत छ अर्थात बैकको अधिकृत पूँजी रु १० अर्ब, जारी पूँजी ९ अर्ब र चुक्ता पूँजी रु. ८,५८,८९,७२,३०० रहेको छ।

(ख) **पूंजीकोषः** १२ वर्ष अघि खुद सम्पत्ति करिब २३ अर्ब र पूँजी पर्याप्तता अनुपात ३३ प्रतिशतले नकारात्मक रहेकोमा नेपाल सरकारद्वारा पूँजी थप, वित्तिय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत नेपाल सरकारले विश्व बैंकबाट प्राप्त गरेको स्पेशल ड्रइगं राईट (SDR) पूँजीमा रुपान्तरण, अग्राधिकार शेयरलाई साधारण शेयरमा रुपान्तरण गरि जम्मा रु ८ अर्ब १० करोड ७० लाख उपलब्ध भएको साथै ऋण असुली, नाफामा बृद्धि एवम नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडको संस्थापक शेयर विक्री र मुनाफामा भएको बृद्धिबाट समेत नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम १० प्रतिशत पूँजी पर्याप्तता पुऱ्याउन बैक सफल भएको छ।

बैकको २०७० आषाढ मसान्त सम्मको कितावी नेटवर्थ रु १४.८१ प्रतिशेयर रहेकोमा मे २४ २०१४को Due Dilligence Audit प्रतिवेदनको मुल्यांकन बमोजिम बैकको नेटवर्थ रु १२०.६२ उल्लेख भएको छ।

(ग) **निक्षेप परिचालनः** आ.ब. २०६९।७० मा रु ९१.०९ अर्ब निक्षेप संकलन गरेकोमा आ.ब २०७०।७१ मा १७.७६ प्रतिशतले बृद्धि भई रु १ खर्ब ७ अर्ब पुगी बैक तथा वित्तीय संस्थाहरुमध्ये यो बैक निक्षप संकलनमा अग्र स्थानमा रहेको छ।



(घ) **कर्जा तथा सापटीः** आ.ब. २०६९।७० मा रु ४९.०५ अर्ब कर्जा तथा सापटी प्रदान गरेकोमा आ.ब.२०७०।७१ मा रु १५.०१ प्रतिशतले बृद्धि भई रु ५७.२९ अर्ब पुगेको छ। आगामी बर्षहरुमा कर्जा लगानीलाई थप बृद्धि गरि रु ७७ अर्बको हाराहारीमा पुऱ्याउने लक्ष्य रहेको छ।

* लेखापरीक्षण नभएको

कर्जा प्रवाह स्थिती



(ङ). **खुद ब्याज आम्दानी तथा संचालन आम्दानी:** आ.ब. २०६९।७० को तुलनामा खुद ब्याज आम्दानी र संचालन आम्दानी आ.ब. २०७०।७१मा कम्रशः १८.०४ र १६.२९ प्रतिशतले बृद्धि भएको छ। विशेषतः कर्जा परिचालनमा भएको वृद्धिको कारणले ब्याज एवंम सेवा शुल्क लगायतका आम्दानीमा भएको बृद्धिले संचालन आम्दानी वृद्धि भएको छ।

(च) **संचालन मुनाफा तथा खुद मुनाफा:** आ.ब. २०६९।७०को तुलनामा बैकको संचालन मुनाफा ५९.०५ प्रतिशतले बृद्धि भई आ.ब २०७०।७१मा रु ८७.८२ करोड पुगेको छ। त्यसैगरि बैकको खुद मुनाफा गत बर्ष भन्दा ४०.१५ प्रतिशतले उत्साहजनक बृद्धि भई रु १ अर्ब ८३ करोड पुगेको छ।



छ) **सेवा विस्तार:** द्धन्दकालमा बन्द वा स्थानान्तरण भएका बैक शाखाहरु पुर्नस्थापना गर्ने नेपाल सरकारको निर्देशन तथा यस बैकको निर्णय बमोजिम समीक्षा अवधिमा शाखा कार्यालयहरु चौरजहारी(रुकुम), रामनगर (रुपन्देही), दिङ्गला(भोजपुर), दुहबी(सुनसरी), सिजुवाबजार(मोरङ्ग), पशुपतिनगर (इलाम), जदुकोहा (धनुषा), फर्पिङ्ग (काठमाण्डौ),आर्यभन्ज्याङ्ग(पाल्पा) र जलबीरे(सिन्धुपाल्चोक)समेत १० शाखा पुर्नस्थापित गरिएको छ भने मौली (तनहु), रत्ननगर (चितवन), बरहथहवा (सलार्ही) र वाणगंगा (कपिलबस्तु) शाखा खोल्ने स्विकृति प्राप्त भई कारोबार संचालन गर्ने तयारी भैरहेको छ। व्यवसायिक दृष्टिकोणले शाखा स्थापना गर्न सम्भाब्य नभएका १९ स्थानमा शाखारहित बैकिङ्ग सेवा (Branch Less Banking) थप भै यस्तो सेवा प्रदान गर्ने केन्द्र कुल २८ पुगेको छ भने आ.ब. २०७१।७२ मा थप २२ स्थानमा शाखा रहित बैकिङ्ग सेवा संचालन गर्ने तयारी भैरहेको छ। यसै गरी समीक्षा अवधिमा नेपाल संस्कृत विश्वविद्यालय दाङ्गमा निक्षेप संकलन काउन्टर तथा यातायात ब्यवस्था कार्यालय बुटवलमा र मालपोत कार्यालय इनरुवामा राजश्व काउण्टर स्थापना गरि सेवा पुऱ्याइएको छ भने मलेखुमा निक्षेप संकलन काउण्टर स्थापना गर्ने कार्य भै रहेको छ।

(ज) **मानव संशाधन व्यवस्थापनः** समीक्षा वर्ष उच्च ब्यवस्थापनमा कुनै परिवर्तन नभएकोले वहालवाला प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण प्रसाद शर्माको नेतृत्वमा वैक व्यवस्थापन भैरहेको छ। वैकको खम्वाको रुपमा रहेको जनशक्तिको वृत्ति विकास, तालीम गोष्ठीमा सहभागिता, प्रोत्साहन, दण्डपुरस्कार, नर्या भर्ना, नयाँ तथा पुराना कर्मचारीको उपयुक्त समिश्रण इत्यादिका माध्यमवाट मानव संशाधनको उचित व्यवस्थापन वैकले गर्दै आएको छ। समीक्षा अवधिमा २२१ जना नया सहायक कर्मचारी नियुक्ति गरिएको छ भने आन्तरिक प्रकृयाबाट १२८ सहायक तथा १२५ अधिकृत गरि कुल २५३ जनालाई पदोन्नति गरिएको छ भने स्वदेश तथा विदेश तालिममा जनशक्तिलाई सहभागी गराइएको छ। समीक्षा अवधिमा विभिन्न पदका १६९ जना कर्मचारीले अवकास प्राप्त गरेका छन भने आ.ब. २०७१।७२ मा १२५ जनाले अवकास प्राप्त गर्नेछन। शाखा कार्यालयको विस्तार, ब्यवसायमा भएको बृद्धिका साथै अनिवार्य अवकाशका कारण ठूलो संख्यामा कर्मचारी घटदै गएकोले त्यसको सामयिक व्यवस्थापन चुनौतीपूर्ण रहेको छ।

(झ) **विप्रेषण कारोवार :** बैंकले स्थापनाकाल देखि नै स्वदेशी विप्रेषण कारोवार संचालन गर्दै आएकोमा विगत केही वर्षदेखि अन्तर्राष्ट्रिय स्तरमा विभिन्न कम्पनीहरु Western Union Money Transfer Company (USA), Xpress Money Service Ltd. (UK), Ez Remit (UK), Instant Cash Global Money Transfer, Merchant Trade Asia Sdn.Bhd. (Malaysia) लगायत खाडी विदेशी मुलुकका विभिन्न कम्पनीहरुसँग प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा द्विपक्षीय सम्झौता मार्फत विप्रेषण कारोवार गर्दै आइरहेको छ। साथै बैंकले आफ्नै RBB Remit मार्फत पनि विभिन्न २३ राष्ट्रहरुबाट विप्रेषण कारोवार गरिरहेको छ। अन्तर्राष्ट्रिय रुपमा विप्रेषण कारोवार गर्ने स्वदेशी कम्पनी IME तथा M Trade सँग पनि बैंकले वैदेशिक विप्रेषण कारोवार गर्न द्विपक्षीय सम्झौता गरी कारोवार संचालन गरिरहेको छ। RBB Remit लाई आन्तरिक रुपमा यस बैंकका शाखाहरु वीच पनि परस्परमा संचालन गर्नका लागि आवश्यक कार्य भइरहेको छ।

(ञ) **सूचना प्रविधिको विकास र परिचालनः** वैक सूचना प्रविधिको विकास र परिचालन गरि संचालन खर्चमा कमी ल्याउनुका साथै यसको सेवा र सुविधाहरु आधुनिक ग्राहकमुखी र विश्वसनीय बनाउन प्रयत्नशील छ। यस बैकका सबै शाखाबाट अनलाइन मार्फत Any Branch Banking Service (ABBS) सेवा प्रदान गरिएको छ भने देशका विभिन्न ८० स्थानबाट ATM सेवा उपलब्ध गराइएको छ। साथै SMS Banking, Mobile Banking, E banking, Visa Debit Card, Mobile Paybill system, सन्ध्याकालिन, प्रभातकालिन, ३६५ दिने बैकिङ्ग सेवा समेत प्रदान गरिएको छ। २०७१।७२ मा ५१ वटा ATM मेशिन थप गर्ने, विभिन्न ब्यावसायिक प्रतिष्ठानमा Point of Sale (POS) machine राख्ने समेत योजना रहेको छ। बैकले सूचना प्रविधिलाई ब्यवस्थित र सुरक्षित किसिमले संचालन गर्न IT Policy तथा IT Mannual लागु गरी समयानुकुल परिमार्जन समेत गर्दै लगिरहेको छ। उपयोगमा ल्याइएको सूचना प्रविधिको वर्तमान अवस्थाको मूल्यांकन गर्न System Audit को कार्य सम्पन्न भैसकेको र प्राप्त प्रतिवेदनको कार्यान्वयनले बैकको सूचना प्रबिधिलाई थप विश्वसनीय वनाउन मद्धत गर्ने छ। समीक्षा वर्षमा सबै शाखा कार्यालयहरु केन्द्रीय प्रणालीमा आवद्ध गरिएको,TSA (Treasury Single Account) लागु गरिएको, नोटकोषको यान्त्रिकीकरण, केन्द्रीयस्तरबाट तलब भुक्तानी प्रणाली शुरु गरिएको,HRIS Software खरीद चरणमा रहेको, संस्थागत सुधारको लागि आवश्यक अन्तरराष्टिय मापदण्डको Control Objective for Information& Related Technology (Cobit 5) " बिषयका तालिम सूचना प्रविधि र अन्य महत्वपूर्ण विभागका कर्मचारी सम्मिलित तालिम सम्पन्न गरिएको छ। बैकको कारोबार सम्बन्धमा सूचना (Data) सुरक्षाको लागि यस बैकको केन्द्रिय कार्यालय, सिंहदरबार स्थित विज्ञान प्रविधि मन्त्रालय परिसर र हेटौडामा DR (Disaster Recovery Site) हरु स्थापना गरी सुरक्षित ब्यवस्थापन गरिएको छ। यस क्षेत्रमा देखिने नया प्रविधिको सुरक्षा चुनौतीसंग जुध्ने क्षमता अभिबृदि गर्ने, लोडसेडिङ्ग र पावर ब्याकअप जस्ता चुनौतिको सामना गर्न पर्ने देखिन्छ।

५. संस्थागत सुशासन तथा सामाजिक उत्तरदायित्वः

यसलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ :

(क) **संस्थागत सुशासनः** बैंकमा संस्थागत सुशासनलाई उच्च प्राथमिकताका साथ निरन्तर रुपमा संस्थागत गर्न गराउनका लागि संचालक समिति र बैंक व्यवस्थापन पूर्ण प्रतिवद्ध छ। बैंकको कामकारवाही देशको प्रचलित कानून, नेपाल सरकार,नेपाल राष्ट्र बैंकको निर्देशन एवं बैंकले जारी गरेका विनियम, निर्देशिका बमोजिम पारदर्शी रुपमा संचालन गर्न विभिन्न संचालन नीति तथा कार्यविधिहरु तयार गरी लागु गरिएको छ। सो बमोजिम भए नभएको अनुगमन आन्तरिक लेखापरीक्षण विभागले गर्ने गरेको छ। त्यस्तै आन्तरिक नियन्त्रण र सुपरिवेक्षण प्रणालीलाई सवल बनाइएको

छ । कम्प्लायन्स महाशाखालाई स्वतन्त्र महाशाखाको रुपमा स्थापना गरी नीति नियमहरुको कार्यान्वयनको पक्षलाई सवल बनाइएको छ ।

(ख) **लेखापरीक्षण समिति तथा आन्तरिक नियन्त्रण प्रणाली** : संचालक समितिका सदस्यको अध्यक्षतामा गठित उच्च स्तरीय लेखापरीक्षण समितिले नियमित बैठक बसी बैंकको काम कारवाहीको सूक्ष्म अनुगमन गरी व्यवस्थापनलाई निर्देशन तथा संचालक समितिलाई सुझावहरु दिने गरेको छ । बैंकको आन्तरिक एवं बाहय लेखापरीक्षण नियमित रुपमा भई राखेको छ । साथै आन्तरिक लेखापरीक्षण विभागलाई बैंकको लेखापरीक्षण समितिको मातहतमा राखी स्वतन्त्रतापूर्वक आन्तरिक नियन्त्रण तथा नियमनका कामहरु गर्ने वातावरण बनाइएको छ ।

(ग) **संस्थागत सामाजिक उत्तरदायित्वः** देशको पुरानो तथा पूर्ण सरकारी बैंक भएको नाताले संस्थागत सामाजिक उत्तरदायित्व र वित्तीय समावेशीकरणको अवधारणालाई मनन गरी बैंकले वित्तीय सेवा पहुच अभिवृद्धिको क्षेत्रमा सक्दो योगदान गर्दै आएको छ । सरकारको बैंक भएको नाताले नेपाल राष्ट्र बैंक नभएका स्थानमा बैंकका विभिन्न शाखा कार्यालयहरु मार्फत विशेष जिम्मेवारीकोरुपमा सरकारी कारोवार गर्दै आएको छ भने बैंकले देशका लाखौं संख्यामा जेष्ठ नागरिक, असक्त, एकल महिला आदिलाई सामाजिक सुरक्षा भत्ता तथा पूर्व निजामती, नेपाली सेना, प्रहरी, शिक्षक, कर्मचारीहरुलाई देशका विभिन्न ठाउबाट पेन्सन वितरण गर्दै आएको छ । यसका अतिरिक्त यस उत्तरायित्व अन्तर्गतका प्रमुख गतिबिधिमा औद्योगिक व्यापारिक मेलाको प्रायोजन, धार्मिक सामाजिक कियाकलापमा परोक्ष सहभागिता गर्दै आएको छ भने वित्तिय साक्षरता कार्यक्रमसहित अन्य केही कार्यक्रम संचालन गर्ने घोषणा गरिसकेको छ ।

६. जोखिम व्यवस्थापन :

बैंकको समग्र जोखिमको पहिचान मूल्यांकन अनूगमन र ब्यवस्थापन गर्न संचालक समितिका सदस्यको संयोजकत्वमा गठित जोखिम व्यवस्थापन समितिले बैंकको कारोवार संचालनको सिलसिलामा आउने संचालन जोखिम, कर्जा जोखिम, बजार जोखिम लगायतका विभिन्न जोखिमहरुलाई ध्यानमा राखी बैंकले आफनो संचालन प्रणाली र आन्तरिक व्यवस्थापनलाई दुरुस्त राख्न विभिन्न विनियामावली तथा निर्देशिकाहरुमा समसामयिक रुपमा परिमार्जन र संशोधन समेत गरिदै आइएको छ । बैकिङ्ग क्षेत्रमा हाल देखिएका जोखिम तथा भविष्यमा आउन सक्ने जोखिमहरुलाई समेत न्यूनीकरण गर्न बैंकले हालै जोखिम व्यवस्थापन तथा कर्जा अनुगमन विभाग समेत स्थापना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सृदृढ बनाउदै लगेको छ ।

७. संचालक समितिमा परिवर्तनः

आर्थिक वर्ष २०७०।७१ मा बहाल रहनु भएका संचालक समितिका अध्यक्ष तथा संचालकहरुको विवरण संलग्न अनुसूचीमा उल्लेख गरिएको छ । सो अवधिमा संचालक समितिमा परिवर्तन नभएतापनि वैक संचालक समितिका अध्यक्ष डा.नरहरि ढकालले राजिनामा दिनु भएकोले रिक्त अध्यक्ष पदमा नेपाल सरकार, मन्त्रिपरिषदको २०७१ भाद्र १९ को निर्णयानुसार डा. रेवतवहादुर कार्की नियुक्ति हुनु भएको छ भने अर्थ मन्त्रालयको प्रतिनिधित्व गर्ने सहसचिव श्री नवराज भण्डारीको ठाउमा सहसचिव डिल्ली प्रसाद शिवाकोटीले प्रतिनिधित्व गर्नु भएको छ । पूर्व अध्यक्ष तथा संचालकले यस बैंकको प्रगतिमा पुऱ्याउनु भएको योगदानप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

८. लेखापरीक्षण तथा आय व्यय विवरणः

महालेखापरीक्षकको कार्यालय मार्फत बैंकको अन्तिम लेखापरीक्षण गरी प्राप्त प्रतिवेदन, २०७१ आषाढ मसान्तको वासलात, २०७०।७१ को नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाडफाड हिसाव, नगद प्रवाह विवरण, सम्वन्धित अनुसूचीहरु यसै प्रतिवेदनको अङ्गको रुपमा राखिएको छ । कम्पनी ऐन, २०६३ को परिच्छेद ७ को दफा १०९ उपदफा (४) बमोजिम उल्लेख हुनु पर्ने अतिरिक्त विवरणहरु अनुसूचीको रुपमा प्रस्तुत गरिएको छ ।

९. आव २०७१।७२को कार्यक्रम र कार्यान्वयन स्थितिः

यो वैक २०७१ माघ १०मा स्वर्ण जयन्ती वर्षमा प्रवेश गरेकोले यस अवधिको कालखण्डको तितो अनुभव तथा वित्तीय क्षेत्र सुधार अन्तगर्त भएका उपलब्धिहरुको जगेर्ना गर्दै बैंकमा संरचनात्मक सुधार गर्न तथा गतिशिलता ल्याउन स्वर्ण जयन्ती वर्षको अवसरलाई समेत प्रयोग गरी निम्न बमोजिमको ११ वुदे सुधार कार्यक्रम २०७१ पौष २१ गते घोषणा गरिएको सहर्ष जानकारीको लागि अनुरोध छ ।

९.१ **बैंकको पूंजी संरचनामा सर्वसाधारणको सहभागिता गराई संरचनात्मक परिवर्तन गर्ने** : माथि उल्लेख गरिएअनुसार यो वैकको पूजी पर्याप्तता अनूपात नियमन निकायको निर्देशन वमोजिम १० प्रतिशत पुगिसकेको छ । यस परिप्रेक्ष्यमा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ को दफा ७ अनूसार बैङ्क तथा वित्तीय संस्थाले आफ्नो कुल जारी पूंजीको कम्तीमा तीस प्रतिशत शेयर सर्वसाधारणलाई बिक्री वितरण गर्नको लागि छुट्याउनु पर्ने प्रावधान रहेको र सो प्रावधान अनुसार नेपाल राष्ट्र बैक तथा महालेखापरिक्षकले निरीक्षण प्रतिवेदन मार्फत यसमा जानको लागि निर्देशन दिए अनुरुप ३० प्रतिशत शेयर सर्वसाधारणमा जारी गर्नको लागि बैकले स्वीकृतिको लागि नेपाल सरकारलाई अनुरोध गरेकोमा २०७१ फागुन २० गतेको मंत्रिपरिषदको वैठकले सोमा जानको लागि निर्णय गरिसकेकोले अव अर्थ मंन्त्रालय निजीकरण समितिले मूल्य निर्धारण र निष्काशन मोडालिटी तय गरे पश्चात वैकले यसको निष्काशन प्रक्रिया अगाडि वढाई २०७२ आषाढ भित्र उक्त कार्य सम्पन्न गरिने छ । यसरी बैकको ३० प्रतिशत शेयर सर्वसाधारणमा वितरण पश्चात बैकको स्वामित्व तथा पूँजीमा संरचनात्मक परिवर्तन आई बैकको पूंजी आधार अरु सवल हुने र सर्वसाधारण नेपाली जनताको सहभागिताबाट बैंकले थप उचाइ हासिल गर्ने विश्वास लिइएको छ ।

९.२ **कर्जा असुली विशेष योजना:** पुरानो कर्जा असुली कार्यलाई विशेष प्राथमिकता दिई असूली कार्यलाई प्रभावकारी तुल्याउन बिशेष अवस्थाका कर्जा असूली गर्न समस्या भएका कर्जाहरुलाई पनि सम्बोधन हुने गरि कर्जा असूली कार्यविधि बनाई २०७१ मंसीर देखि लागू गरिसकिएको छ । यस अन्तरगत ५० हजारसम्म सांवा हुनेले सांवामात्र बुझाए बाकी सबै ब्याज मिनाहा दिने व्यवस्था गरिएको छ । यस्तै रु ५० हजारदेखि रु १ लाख सम्म सांवा हुनेले सांवा र १० प्रतिशत व्याज र रु १ करोड सम्मको कर्जा हुनेले सांवा र सांवा बरावरको व्याज बुझाएमा बांकी सबै व्याज मिनाहा दिने कार्ययोजना कार्यान्वयनमा ल्याइसकिएको छ । सानो कर्जा असूलीमा सजिलो होस भनेर १ करोडसम्म व्याज मिनाहा दिने अधिकार स्थानीय शाखा कार्यालय र क्षेत्रीय कार्यालयलाई प्रत्यायोजन गरिएको छ भने रु १ करोडभन्दा माथिका सबै कर्जा फर्छ्योट गर्न संचालक समिति स्तरीय कर्जा असूली समिति गठन गरिएको छ । हाल यी व्यवस्थाहरु कार्यान्वयनको कममा रहेका छन । साथै वि.सं. २०७१ असार मसान्तसम्म भाखा नाघेको कर्जालाई कुनै न कुनै रुपमा टुङ्गोमा पुऱ्याउने प्रयास गर्नुका साथै स्वर्ण जयन्ती बर्ष भरिमा भाखा नाघेको ३ अर्ब कर्जा असुल गरिने योजना छ ।

९.३ **कर्जा लगानीमा उल्लेख्य वृध्दि गर्ने र उच्च तरलता प्रशोचन गर्ने:** वैकमा रहेको तरलतालाई अधिकतम उपयोग गर्न हालको ६० प्रतिशतबाट ७० प्रतिशत कर्जा/निक्षेप अनुपात कायम हुने गरी स्वर्ण बर्ष अवधिमा रु १५ अर्बले कर्जा बृद्धि गरी कूल कर्जा करीब रु ७७ अर्ब पुऱ्याइने छ साथै कर्जा लगानीलाई चुस्त बनाइ सरल र सहज पहुंचमा वृद्धि गर्न शाखा कार्यालय देखि व्यवस्थापन तह सम्मको कर्जा स्वीकृत गर्ने अख्तियारीमा उल्लेख्य वृद्धि गरिएको छ । यस निम्ति शाखा कार्यालयबाट स्वीकृत हुने कर्जा **६ कार्य दिनभित्र** स्वीकृत गर्ने, सबै तहबाट स्वीकृत हुने कर्जा **फाईल ट्र्याकिंग प्रणाली** लागू गरी कर्जाहरुको लगानी प्रकृयालाई पारदर्शी बनाइने छ । त्यस्तै ठूला र संस्थागत ग्राहकलाई विशिष्ठ सेवा प्रदान गर्न केन्द्रीय कार्यालय भवनमा सुविधा सम्पन्न **कर्पोरेट शाखा** खोल्ने योजना कार्यान्वयनको कममा छ । नेपाल सरकारको घोषित नीति अनूरुप हुने गरी ५ प्रतिशतको सहुलियत ब्याजदरमा (४ प्रतिशत सरकारको अनुदान बाहेक) कृषि कर्जा प्रदान गरिने (जुन कार्यान्वयन भइरहेको) छ । बैंकको विद्यमान कर्जा प्रणालीमा समयसापेक्ष सुधार गरी सरल बनाईनुका साथै प्रवाहित कर्जाको प्रभावकारी अनुगमन र जोखीम व्यवस्थापन गर्न छुट्टै **जोखिम व्यवस्थापन** तथा **कर्जा अनुगमन विभाग** र यसको इकाई क्षेत्रीय कार्यालयहरुमा स्थापना गर्ने निर्णय गरिएको छ । कृषि, पर्यटन र SME कर्जामा बिशेष जोड दिई कर्जा विस्तार गर्ने तथा वाणिज्य बैक भएको कारणले हाइड्रो पावरमा सावधानीपुर्वक कर्जा बृद्धि गर्ने नीति लिइने छ ।

९.४ **बैकिंङ्ग सेवालाई चुस्त, स्तरीय र ग्राहकमैत्री बनाईने:** बैकिंङ्ग सेवालाई छिटो छरितो र ग्राहकमैत्री बनाउन **टेलरसिष्टमलाई** प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, इलेक्ट्रोनिक बैकिंङ्ग सेवा विस्तार गरी मोवाईल चार्ज गर्ने,फण्ड ट्रान्सफर गर्ने,चेक बुक अनुरोध, व्यालेन्स जानकारी, विद्युत, पानी, टेलिफोन,महसूलजस्ता उपयोग सेवाको शूल्क मोवाइलबाटै तिर्न सकिने व्यवस्था कार्यान्वयनमा ल्याईने छ । यो चालु आर्थिक वर्षलाई **ई बैकिंङ्ग वर्षको रुपमा** मनाई हालको इ बैकिंग कारोवारलाई ३० प्रतिशतबाट ५० प्रतिशत पुऱ्याइने छ । मार्केटिङ्गलाई प्रभावकारी बनाउन र अनुषन्धानका काम समेत गराउन हालको मार्केटिङ्ग तथा विकास विभागलाई मार्केटिङ्ग तथा अनुषन्धान विभाग नामाकरण गरी अनुसन्धानको समेत कार्य गराइने छ भने ग्राहकलाई वित्तीय कारोवारमा सुरक्षाको प्रत्याभूति दिन **ग्राहक संरक्षण सिध्दान्त** (Customer Protection Principle)अनुशरण गरिने नीति लिइने छ ।

९.५ **शाखा पुनस्थापना/कार्यक्षेत्र विस्तारः** २०७२ आषाढ मसान्तसम्म शाखा स्थापना वा शाखा रहित बैंकिङ्ग सेवाको माध्यमबाट विगतमा शाखा रहेका सबै स्थानमा बैंकको सेवा उपलब्ध गराइने छ। विकासलाई सहज र सहयोग गर्ने नीति अनुरुप विगतको द्वन्दकालमा विस्थापित शाखा कार्यालयहरु क्रमिक रुपमा पुनःस्थापना गर्दै जाने नीति लिइने छ। विकासलाई सहयोग पुऱ्याउने उद्देश्यले व्यवशायिक दृष्टिकोणले बैंकिङ्ग व्यवसायको दृष्टिले संभाव्य देखिएका अन्य स्थानमा नयां शाखा कार्यालय स्थापना गरी बैंकिङ्ग कार्यजालो विस्तार गरिने छ।

९.६ **लघु वित्त तथा दुर्घटना वीमा सेवाः** विपन्न वर्गको आर्थिक उत्थान निम्ति कर्जाको पहुंच विस्तार गर्न सरल एवं सुलभ तरिकाबाट कर्जा प्रवाह गर्ने व्यवस्था मिलाईएको छ। यस अन्तरगत जाने २ लाख सम्मको विपन्न वर्ग कर्जा ८ प्रतिशत व्याजदरमा ५ कार्यदिनभित्रै उपलब्ध गराईने छ। साथै यसरी विपन्न वर्गमा कर्जा लिने व्यक्तिको **रु २ लाखसम्मको दुर्घटना वीमा** बैंकले गरिदिने व्यवस्था मिलाईएको छ भने विपन्न वर्गलाई संस्थागत रुपमा सहयोग पुरयाउन एक छुट्टै लघु वित्त विकास बैंक स्थापना गर्न पहल गरिने छ।

९.७ **संस्थागत सुशासन एवं ग्राहकसेवा** : सर्वसाधारण तथा सेवाग्राहीलाई संस्थागत सुशासनको प्रत्याभूति दिलाउन बैकले प्रदान गर्ने सेवा, लाग्ने शूल्क र अवधि समावेश गरिएको नागरिक वडापत्र बैंकका हरेक शाखा कार्यालयमा राखिएको छ। ग्राहक तथा सरोकारवालाको गुनासो तथा सुझाव सुनुवाई संकलन गरी आवश्यक कार्यान्वयन निम्ति केन्द्रीय कार्यालयमा संचालक स्तरीय गुनासो सुनुवाई इकाईको व्यवस्था गरिएको छ। बैंकले प्रदान गर्ने सेवा सम्वन्धमा कुनै गुनासो वा सुझाव भएमा वैंकको इमेल gunaso@rbb.com.np वा टोल फ्रि नम्बर १६००१३२०२२ मा कुनै पनि समयमा सम्पर्क गर्न सकिने व्यवस्था गरिएको छ। यस्तो गुनासो इकाई क्षेत्रीय तथा शाखा कार्यालय तहसम्म विस्तार गरिने छ।

९.८ **विद्यार्थी लक्षित सेवाः** भविष्यको आशा केन्द्रको रुपमा रहेका विद्यार्थीलाई लक्षित गरी शून्य मौज्दातमा वचत खाता र एटिएम, SMS, ebanking, mobile banking सेवा निशूल्क रुपमा उपलब्ध गराईने छ। २६ वर्षसम्मका विद्यार्थीलाई उपलब्ध गराईने यस सेवाबाट वित्तिय कारोवारमा यस वर्गको समावेशिता बढ्ने तथा वचत लगायत बैकिङ्ग आदतको विकास हुने अपेक्षा लिइएको छ।

९.९ **वित्तीय साक्षरता कार्यक्रम** : बैंकले देशमा वित्तीय साक्षरता संचालन गर्ने कार्यक्रम राखेकोमा यसको हालै आरम्भ गरिएको छ। बैंकले पहिलो चरणमा धनुषा, कास्की र नवलपरासीमा वित्तीय साक्षरता कार्यक्रम संचालन गर्ने छ र क्रमशः अन्य जिल्लामा विस्तार गरिने छ। यसै सिलसिलामा बैंकले सुखको बाटो नामक लघु उपन्यास र वित्तीय साक्षरता सम्वन्धी प्रशिक्षण पुस्तिका प्रकाशन गर्नुका साथै वित्तीय चेतना फैलाउने सुचना र विज्ञापन उत्पादन गरी प्रकाशन प्रसारण गरिरहेको छ।

९.१० **संस्थागत सामाजिक उत्तरदायित्व** : यस कार्यक्रम अन्तर्गत बैंकले मृगौला रोगसम्बन्धी जनचेतना कार्यक्रमका लागि **रु १० लाखको कोष व्यवस्था गर्नुका** साथै निसहाय तथा अति विपन्न वर्गका विरामीहरुलाई स्वर्ण जयन्ती वर्षभर रक्त संचार केन्द्र मार्फत रु १३ लाख बरावरको **रगत निशुल्क** रुपमा उपलब्ध गराईने छ। ७० वर्ष पुगेका जेष्ठ नागरिकले यस बैंकमा खोल्ने बचत खातामा प्रचलित व्याजदरभन्दा **०.५ प्रतिशत बढी** व्याजदर प्रदान गरिने छ। एकल महिलाले खोल्ने वचत खातामा प्रचलित व्याजदरभन्दा ०.५ प्रतिशत बढीले व्याजदर र **रु १ लाखसम्मको दुर्घटना वीमा** गरिने छ। यी धेरै कार्यक्रमहरु सम्पन्न भैसकेका छन।

९.११ **सुधार कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा कर्मचारी र पत्रकारः** उपर्युक्त कार्यक्रमलाई प्रभावकारीरुपमा कायान्वयन गर्न जनशक्तिको साथै राज्यको चौथो अंगको रुपमा रहेको पत्रकार जगतको अहंम भूमिकालाई दृष्टिगत गरी निम्नानुसारको कार्यक्रम गरिने छः

क. **जनशक्तिको परिचालन तथा प्रोत्साहनः** बैकको महत्वपूर्ण सम्पत्तिको रुपमा रहेका कर्मचारी नै सेवा प्रवाहका माध्यम रहेकोले उनीहरुको कार्यकुशलता अभिवृद्धि निम्ति सांगठनिक तथा व्यवस्थापकीय विषयवस्तु अध्ययनका लागि विदेशमा अवलोकन भ्रमणको अवसर प्रदान गरिने छ। यस्तो भ्रमणको अवसर कार्यसम्पादन, योग्यता र अनुभवको आधारमा अधिकृतस्तरलाई ५ वर्षभित्र र सहायक स्तरलाई ७ वर्षभित्र प्रदान गर्ने नीति लिइने छ भने उच्च अधिकृतहरुलाई पनि अवलोकन भ्रमण (Exposure visit) तथा सेमिनारहरुमा निश्चित समयभित्र सहभागी गराइने व्यवस्था गरिने छ। साथै स्वर्ण जयन्तीको अवसरमा सबै कर्मचारीलाइ उत्प्रेरित गर्न विभिन्न प्याकेजहरु तयार गरिनेछ।

ख. **पत्रकार जगतलाई विशेष प्राथमिकताः** नेपालको वित्तीय क्षेत्र र समग्र अर्थतन्त्रको समुचित विकासका लागि राज्यको चौथो अंगको रुपमा रहेको पत्रकारिता क्षेत्रले पुरयाउंदै आएको योगदानलाई कदर गर्दै अर्थ र वित्त क्षेत्रको विकास तथा प्रवर्द्धनमा सहयोग पुरयाउने पत्रकारको सम्मानस्वरुप बैंकद्वारा **राष्ट्रिय वाणिज्य बैंकसंग पत्रकार पुरष्कार** स्थापना गरिएको छ । रु ५०,००० (पचास हजार) राशीको यो पुरष्कार यही वर्षदेखि हरेक वर्ष वैक दिवसमा वितरण गरिने छ । यी दुवै पुरस्कारहरु स्वर्ण जयन्तीको विशेष समारोहमा वितरण समेत भैसकेको छ ।

आदरणीय शेयरधनी महानुभावहरु,

स्वर्ण जयन्तीको संघारमा बैंक सम्वध्द सरोकारवाला र तमाम शुभेच्छुकहरुप्रति हार्दिक आभार प्रकट गर्दछ । आगामी दिनमा ग्राहकमुखी, प्रतिष्पर्धी, ग्रामीण अर्थतन्त्रमुखी सवल बैंकको रुपमा सर्वसाधारण नेपाली जनतालाई दिगो ,विश्वसनीय र आधुनिक बैकिंङ्ग सेवा दिने दिशामा दृढ संकल्प दोहराउंदै बैंकको यात्रामा सम्वध्द सबै पक्षबाट, सहयोग,सद्भाव र मार्गनिर्देशनको अपेक्षा गरिन्छ ।

अन्त्यमा यस बैंकको गतिविधीमा प्रत्यक्ष / अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने शेयरधनी नेपाल सरकारका मन्त्रालय तथा कार्यालयहरु, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, ग्राहकवर्ग, शुभेच्छुक एवं समस्त सरोकारवालाहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । महालेखापरीक्षकको कार्यालय मार्फत बैंकको अन्तिम लेखापरीक्षण गरी बैंकलाई अमूल्य सुझाव दिनु हुने लेखापरीक्षकहरु, बैंकको गतिविधिलाई आम जनता समक्ष पुऱ्याई सहयोग गर्नु हुने संचारजगतप्रति पनि हार्दिक आभार प्रकट नगरी रहन सकिन्न । बैंकको सुसंचालनको लागि पसिना वगाउने प्रमुख कार्यकारी अधिकृतसहित बैंक व्यवस्थापन एवं लगनशील कर्मचारीहरुलाई समितिको तर्फवाट विशेष धन्यवाद दिन चाहन्छु ।

अव म अन्तिममा समितिको यस प्रतिवेदन लगायत प्रस्तुत विभिन्न प्रस्तावहरुमा छलफल गरी स्वीकृतिको लागि उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक अनुरोध गर्दछु । धन्यवाद ।

संचालक समितिको तर्फबाट
डा.रेवत बहादुर कार्की
अध्यक्ष

मितिः २०७१।१२।३०

कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा (४)
अनुसारको अतिरिक्त विवरण

१. जफत गरिएका शेयरहरुको विवरण :
बैंकले समीक्षा बर्ष कुनै पनि शेयर जफत गरेको छैन ।

२. बैंक र यसको सहायक कम्पनीले समीक्षा वर्षमा गरेको प्रगति :
बैंकका कुनै सहायक कम्पनीहरु छैनन् र बैंकको समीक्षा वर्षको प्रगतिका सम्वन्धमा माथि विभिन्न प्रकरणहरुमा उल्लेख गरिएको छ ।

३. आधारभूत शेयरधनीहरुबाट बैंकलाई उपलव्ध गराइएको जानकारी:
त्यस्तो कुनै जानकारी प्राप्त भएको छैन ।

४. समीक्षा बर्ष २०७०।७१ मा बैंकका संचालक तथा पदाधिकारीहरुले यस बैंकको खरीद गरेका कम्पनीका शेयरहरु:
यस बैंकको शेयर संचालक तथा पदाधिकारीले खरीद गर्न सक्ने प्रावधान हाल नभएकोले यस्तो शेयर खरीद भएको छैन ।

५. बैंकसंग सम्वन्धित सम्झौताहरुमा कुनै संचालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थ वारे उपलव्ध गराइएको जानकारीको व्यहोरा ।
यस्तो कुनै जानकारी बैंकलाई प्राप्त भएको छैन ।

६. समीक्षा वर्षमा बैंकले आफ्नो शेयर आफै खरीद गरेको विवरण:
समीक्षा बर्षमा बैंकले आफ्ना शेयरहरु आफैले खरीद गरेको छैन ।

७. आन्तरिक नियन्त्रण व्यवस्था:
बैंकको आन्तरिक नियन्त्रण व्यवस्था सक्षम छ । नियन्त्रण व्यवस्थामा अवलम्बन गरिएका प्रक्रियाहरु निम्नानुसार छन्:
(क) मजबुत आन्तरिक निरीक्षण तथा नियन्त्रण व्यवस्था अपनाइएको ।
(ख) संचालन प्रक्रियालाई व्यवस्थित गर्न कर्मचारी सेवा बिनियमावली, आर्थिक प्रशासन सम्वन्धी बिनियमावली, कर्जा लगानी असूली निर्देशिका लगायतका अन्य निर्देशिकाको व्यवस्था गरेको ।
(ग) कर्जा नीति निर्देशिका अपनाइएको ।
(घ) स्वतन्त्र आन्तरिक लेखापरीक्षण विभाग गठन भई कार्यरत रहेको ।
(ङ) लेखापरीक्षण समितिले आन्तरिक नियन्त्रण प्रणाली र लेखापरीक्षबाट औंल्याइएका प्रमुख कुराहरुको नियमित अनुगमन गर्ने परिपाटी बसालिएको ।

८. समीक्षा बर्षमा भएको कुल व्यवस्थापन खर्च :

कर्मचारी खर्च :	रु.	२,२६,६१,५४,७९५।५८
कार्यालय संचालन खर्च :	रु.	७३,१८,५१,०४६।६१
कुल व्यवस्थापन खर्च :	रु.	२,९९,८०,०५,८४२।१९

९. लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहीको विवरण र समितिले दिएको सुझावको विवरण:

(१) लेखापरीक्षण समिति:

लेखापरीक्षण समिति:(मिति २०७०।०४।०१ देखि २०७१।०३। मसान्तसम्म)

संचालक	श्री जितेन्द्र प्रसाद उपाध्याय	-	संयोजक
संचालक	श्रीमती शिवादेवी काफ्ले	-	सदस्य
विभागिय प्रमुख (आन्तरिक लेखापरीक्षण विभाग)	श्री मनमोहन भण्डारी	-	सदस्य सचिव

(२) समितिका अध्यक्ष लगायत सदस्यलाई बैठक भत्ता बाहेक अन्य कुनै पारिश्रमिक/सुविधा प्रदान गर्ने गरिएको छैन। समितिका अध्यक्ष र संचालक सदस्यलाई प्रति बैठक भत्ता रु. ३०००।- प्रदान गरिएको छ।

(३) आर्थिक बर्ष २०७०/७१ मा समितिको बैठक संख्या र उक्त बैठकमा भएका प्रमुख निर्णयहरु:
आन्तरिक लेखापरीक्षण समितिले बैंकका शाखा कार्यालयहरु, क्षेत्रीय कार्यालयहरु र विभागहरुको आन्तरिक लेखापरीक्षण गर्ने, वार्षिक योजना स्वीकृत गर्ने, बैधानिक लेखापरीक्षक तथा नेपाल राष्ट्र बैंकले स्थलगत निरीक्षण गरी दिएको प्रतिवेदन र बैंकको आन्तरिक लेखापरीक्षण विभागले पेश गरेको प्रतिवेदनमा उल्लेखित कैफियत उपर छलफल गर्ने व्यवस्थापनलाई आवश्यक निर्देशन र सुझाव दिने गर्दछ।

आर्थिक वर्ष २०७०।०७१ मा लेखापरीक्षण समितिको बैठक १६ पटक बस्यो जुन बैठकहरुबाट व्यवस्थापनलाई मुख्य रुपमा निम्न निर्देशन दिइएको छ।

(क) आन्तरिक नियन्त्रण प्रणालीको पर्याप्त व्यवस्था गरी यसको पुर्ण पालनाको आवश्यक व्यवस्था मिलाउन।

(ख) ने.रा.बैंकको निर्देशन नं. २ बमोजिमको कर्जाको वर्गिकरण र प्रोभिजन पुमरी प्रणालीमा नै लागु गर्न/ गराउन निर्देशन।

(ग) शाखागत वित्तिय विवरणहरु सहि, यथार्थ र शुद्ध रुपमा केन्द्रीय कार्यालयमा पेश होस भन्नका लागि निरन्तर रुपमा अनुगमन गर्न/ गराउन बैंक व्यवस्थापनलाई निर्देशन।

(घ) आलेप प्रतिवेदनमा उल्लेख भएका लामो समय देखि वित्तिय विवरणको शुद्धता, पुर्णता र विश्वसनियतामा असर पर्ने सम्वेदनशील कैफियतहरु प्रभावकारी कार्य योजना बनाई सुधार गर्न।

(ङ) आन्तरीक लेखापरिक्षणबाट देखिएका निम्न प्रकारका कैफियतहरु सुधार गर्ने।
१. लामो समय देखि रहेको Take Over Account को हिसाव मिलान गर्न।
२. पुमोरीबाट भएका कारोवारको Manual Day Book राख्ने कार्यलाई निरन्तरता दिन।
३. स्थीर सम्पत्तीहरुको अभिलेख अद्यावधिक तथा भौतिक परीक्षण गर्न।
४. कर्जा सुचना केन्द्रमा पठाउनु पर्ने कर्जा लगानी सम्बन्धी विवरण पठाउनु, कर्जाको वर्गिकरण र Provision ने.रा.बैंक निर्देशन अनुरुप गर्न।

१०. संचालक, व्यवस्थापकीय निर्देशक, आधारभूत शेयरधनी र निजका नजिकका नातेदार तथा संलग्न फर्म, कम्पनी आदिबाट बैंकलाई प्राप्त हुनु पर्ने रकम :
छैन।

११. समीक्षा बर्षमा संचालक, व्यवस्थापकीय निर्देशक, प्रमुख कार्यकारी अधिकृत र अन्य पदाधिकारीहरुलाई दिइएको पारिश्रमिक भत्ता तथा सुविधाहरु :

क्र.सं.	विवरण	संचालक	प्रमुख कार्यकारी अधिकृत	व्यवस्थापक
१	बैठक भत्ता	१५,६४,८३३।२५	-	
२	तलब	-	६,००,०००।००	
३	भत्ता	-	२५,२०,०००।००	
४	दशैं भत्ता / उपहार	-	-	
५	संचयकोष योगदान	-	-	
६	टेलिफोन / मोबाइल	२१०,०००।-	-	
७	बिबिध (पत्रपत्रिका)	१,६८,०००।-	-	
	जम्मा रकम	**१९,४२,८३३।२५**	**३१,२०,०००।००**	
८	गाडी सुविधा (इन्धन)	६०,०००।-	-	
९	आवास सुविधा	-	-	
१०	बिमा	-	-	
	जम्मा संख्या :	७	१	०

टिप्पणी :

- प्रमुख कार्यकारी अधिकृतलाई चालक, इन्धन र मर्मत सम्भार सहित सवारी साधनको व्यवस्था गरिएको छ।
- बैंकका कर्मचारीहरुलाई बैंकको नियमानुसार दुर्घटना बिमा, औषधोपचार बिमा र जीवन बिमाको व्यवस्था गरिएको छ। साथै निजका आश्रित परिवारको लागि औषधोपचार बिमा गरिएको छ।
- प्रमुख कार्यकारी अधिकृतको मोबाइल फोनको भुक्तानी बैंकले गर्ने व्यवस्था गरिएको छ। अध्यक्ष लगायत संचालकहरुलाई र व्यवस्थापकहरुको हकमा नियमानुसार बढीमा रु. २,५००।- सम्म दिने गरिएको र अन्य विभागीय प्रमुखहरुलाई बढीमा १,५००।- सम्मको बिल भुक्तानी गरी दिने व्यवस्था रहेको छ।
- साथै, अध्यक्ष तथा संचालकहरुलाई पत्रपत्रिका वापत मासिक रु. २,०००।- प्रदान गर्ने व्यवस्था गरिएको छ।
- संचालक समितिको बैठकमा उपस्थित हुन बैंकको गाडी प्रयोग नगरी निजी गाडी प्रयोग गर्नु हुने अध्यक्ष तथा संचालकहरुलाई मासिक २० लिटर इन्धन वा सो वरावरको रकम प्रदान गर्ने व्यवस्था गरिएको छ।

शेयरधनीले बुझिलिन बाँकी लाभांश :

छैन।-

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
संगठित संस्था लेखापरीक्षण महा-निर्देशनालय

Phone : 4262381
4262415
4262417
4262958
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प.सं २०७१।७२
च.नं ३१६

मिति :२०७१/११/८

श्री अध्यक्ष,
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड,
सिंहदरवारप्लाजा, काठमाडौं।

विषय : लेखापरीक्षण प्रतिवेदन।

१. वित्तीय विवरण उपर प्रतिवेदन

हामीले यसैसाथ संलग्न राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको २०७१ असार मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षका नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत प्रचलित अन्य ऐन, नियम, अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एबं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटिलगायत सारभूतरुपमा गलत आंकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागू गर्ने कार्य पर्दछन्।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरुउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो। नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौं। ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूतरुपमा गलत आंकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन्।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्यांइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आंकडा प्रस्तुती हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तताबारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्तगर्ने उद्देश्य राखिएको छैन। व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै, वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं।

४. **लेखापरीक्षण राय व्यक्त गर्ने आधार** – लेखापरीक्षणबाट कैफियतसहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन् :

४.१ **खुद सम्पत्ति** - पेश गरेको वित्तीय विवरण अनूसार आ. व २०७०।७१ को अन्त्य सम्ममा खूद सम्पत्ति रु. २ अर्व ३८ करोड ६५ लाख ७३ हजारले धनात्मक रहेको छ। यसै प्रतिवेदनमा उल्लेखित कैफियतहरुको यथोचित समायोजन गर्दा सो रकममा असर पर्ने देखिन्छ।

४.२ **पूँजीकोष** - बैंकले "क" वर्गको इजाजतपत्र प्राप्त संस्थाको हकमा पूंजीकोष गणना गर्न नेपाल राष्ट्र बैंकद्वारा जारी पूंजीकोष पर्याप्तता सम्बन्धी निर्देशन १.१ अनुरुप पुँजी कोष न्यूनतम १० प्रतिशत र प्राथमिक पूँजी कोष न्यूनतम ६ प्रतिशत कायम गर्न सकेको छैन। संलग्न वित्तीय विवरण अनुसार बैंकको २०७१आषाढ मसान्तको पूंजी कोष रु. २ अर्व ८४ करोड ३२ लाखले धनात्मक रहेकोले पूंजीकोष अनुपात ४.६२ प्रतिशत रहेको छ। प्राथमिक पूँजी कोष रु. २ अर्व ७४ करोड ५३ लाख ४१ हजार धनात्मक रहेकोले प्राथमिक पूँजी कोष अनुपात ४.४६ प्रतिशत मात्र रहेको छ।

४.३ **शाखा हिसाब मिलान** - अन्तर शाखा हिसाब मिलानको अवस्था कमजोर रहेकोले यस वर्षको अन्त्य सम्ममा अन्तर शाखा हिसाब मिलान हुन बाँकी रकम रु ४ अर्ब २२ करोड ३९ लाख ४५ हजार देखिएको छ। हिसाब मिलान हुन नसकि वर्षौंदेखि बाँकी रहेका रकमहरु समेत समावेश रहेको, आयूगत बक्यौता विवरण तयार गरी चारित्रीकरण नगरिएको र त्यस्ता रकमहरुको हिसाब मिलान नभएबाट बैंकको सम्पत्ति, दायित्व, आय तथा व्ययमा कारोबारको प्रकृति अनुसार के कति असर पर्छ यकिन गर्न सक्ने अवस्था रहेको छैन।

४.४ **ऋणात्मक निक्षेप खाता**- निक्षेप खाताहरुबाट मौज्दात भन्दा बढि झिकेको रु. ५ करोड ६६ लाख ६७ हजार मध्ये यस वर्ष रु. ४ लाख ७९ हजारमात्र असुलउपर भई अझै रु. ५ करोड ६१ लाख ८८ हजार असुल हुन बांकी रहेको छ।

४.५ **व्याज असुली तथा मुल्तवि**- असुली गर्न बाँकी व्याज र मुल्तवि व्याज हिसाबमा आर्थिक वर्ष २०७०/७१ को अन्त्यमा असुली गर्न बाँकी व्याज भन्दा मुल्तवि व्याज रु. ६ करोड ६१ लाख ९३ हजारले बढि देखिएको छ। साथै विगत वर्षहरु देखिनै केहि कर्जाहरुको साँवा शुन्य भईसक्दा पनि उक्त कर्जा अन्तर्गत लिनुपर्ने रू. २९ करोड २ लाख ८६ हजार देखिँदै आएको छ। यसरी फरक परेकोमा कारण पत्ता लगाई आवश्यक हिसाब मिलान हुन सकेको छैन।

४.६ **कर्मचारी बोनस** - वोनस ऐनको दफा ७.३ अनुसार पछिल्लो पटक आर्थिक वर्ष २०६४।६५ मा बोनस वितरण गरीएको र त्यस पछिका वर्षहरुमा बोनस व्यवस्था गरिएकोमा अर्थमन्त्रालयबाट स्वीकृति प्राप्त भएको पाइएन। आर्थिक वर्ष २०६५/६६ भन्दा अघिको वर्षहरुको बोनस दायित्व रु. २ करोड ६७ लाख भुक्तानी दिन बाँकी रहेकोमा आर्थिक वर्ष २०५३।५४ तथा २०५४।५५ को जम्मा रू. १ करोड १२ लाख र निलम्बित कर्मचारीको लागी छुट्टाईएको रू. १७ लाख १२ हजार बाहेक रू. १ करोड ३७ लाखको ७० प्रतिशत रू. ९६ लाख २०६९।०९।२२ को सञ्चालक समितिको निर्णयबाट कर्मचारी कल्याणकारी कोषमा जम्मा गरेको छ। आर्थिक वर्ष २०५३।५४, २०५४।५५ तथा आर्थिक वर्ष २०६५।६६ को बोनस दायित्व रू. ८८ करोड ९३ लाख ८४ हजार स्विकृति प्राप्त नभएका कारण वितरण गरेको छैन।

४.७ **जग्गाधनी प्रमाणपुर्जा** - साबिकमा नेपाल खाद्य संस्थानबाट रु. ७ लाख ८० हजारमा खरिद गरेको भद्रकाली प्लाजा स्थित १५ रोपनि १ आना ३ पैसा जग्गाको हालसम्म पनि जग्गाधनी दर्ता प्रमाणपुर्जा बैंकले प्राप्त गरेको छैन।यस वापत हुने दायित्वको पनि व्यवस्था गरेको छैन। यस बारेमा विगत वर्ष देखि औंल्याउदै आएको स्थिति यथावत छ।

४.८ **आयकर**- अन्य सम्पत्ति अन्तर्गत आर्थिक वर्ष २०७०/७१ को अन्त्यमा अग्रिम आयकर रु. १ अर्ब ६२ करोड ६१ लाख देखाइएको छ। विगतका वर्षहरु मध्ये यस वर्ष राजस्व न्यायधिकरणबाट फैसला भई बैंकले स्वीकार गरेको आयकर दायित्वलाई बैंकले अग्रिम आयकरबाट समायोजन गरेको छैन।

४.९ **कर्जा र निक्षेप शीर्षकको लेखाकंन-** निरीक्षण गरिएका शाखा कार्यालयहरुले असल ऋणको सीमासम्मको बांकी रकमलाई अधिकतम सीमा रु. २५ करोड ७० लाख ८१ हजार कर्जा र निक्षेपमा थप गरी अवास्तविक लेखाकंन गरेको छ। यसले गर्दा सो रकमले कर्जा तथा निक्षेपमा बढी लेखाकंन भएको छ।

४.१० **कर्जा अपलेखन-** नेपाल राष्ट्र बैंकले अपलेखन गरेका कर्जाहरुको धितो सम्पत्तिहरु बैंकले सकार गर्ने र नगरेमा अपलेखन गर्न नमिल्ने निर्देशन जारी गरेकोमा सो विपरित २०६२।६३ मा धितो सकार नगरी कर्जा अपलेखन गरेकोमा सो कार्य अनियमित भई नियमित गर्न त्यस्तो सुरक्षण सम्पत्ति २०६४।६५ भित्रमा सकारी सक्ने गरी नेपाल राष्ट्र बैंकवाट स्वीकृति लिएकोमा यस वर्षमा पनि सो कार्य हुन सकेको छैन। गत वर्ष सम्ममा सांवा वापत रु. ४ अर्व ८१ करोड ३६ लाख ६२ हजार र व्याज वापत रु. १५ अर्व ९५ करोड ६६ लाख ४६ हजारको धितो सकार नगरि कर्जा अपलेखन गरिएकोमा यस आर्थिक वर्षमा सो अपलेखन गरिएको कर्जा मध्ये सांवा रकम रु.८९ करोड १५ लाख २० हजार र व्याज रकम रु.५५ करोड ८६ लाख ८९ हजार असूल उपर भएको भएतापनि धितो सकारेको रकमको लेखांकन यस आर्थिक वर्षमा पनि गरेको छैन।

४.११ **पुराना रकमहरुको हिसाबमिलान** - नेपाल लेखामान आधारशीलाको दफा ८९ र ९१ अनुसार कुनै सम्पत्ति र दायित्वलाई वासलातमा देखाउनको लागि उक्त सम्पत्ति वा दायित्वबाट संस्थालाई भविष्यमा आर्थिक श्रोतको लाभ वा बाह्यगमन हुनुको साथै सम्पत्ति वा दायित्वको रकम विश्वसनीय तरीकाले निर्धारण गर्न सकिने व्यवस्था रहेकोमा पुराना पेण्डिंग रहेका डाफ्ट, पेअर्डर, म्यानूयल पद्दतीबाट पूमोरी सफ्टवेयर लागू गर्दा भएको फरक रकम, रिकन्साइल नभएका बैंक मौज्दातहरु आदिलाई सम्पत्ति र दायित्वमा लामो समयदेखि लेखांकन गर्दै आएको छ। उक्त खाताहरुको मुख्य बुँदाहरु निम्न बमोजिम छन्।

४.११.१ म्यानुअल हिसाबलाई पुमोरी सफ्टवेयरमा स्थानान्तरण गर्दा पहिचान नभएको खुद रु. २३ करोड ३६ लाख ५९ हजार (कर्मचारी टेकओवर खुद रू. ६ करोड २७ लाख ४३ हजार सहित) बांकी रहेको र सो रकमको हिसाब मिलान नभएको कारणले सोको असर एकिन गर्न सकिएन।

४.११.२ आर्थिक वर्ष २०७०।७१ को अन्त्य सम्ममा खाता बन्द भईसकेका पुराना निक्षेप तथा संचालनमा नआएका एजेन्सी खाताहरुको लिनुपर्ने रकम को हिसाब बाँकी रू. २ करोड ७१ लाख वापतको व्यवस्था गरेता पनि अपलेखन गरेको छैन।

४.११.३ आन्तरिक संचार एवं सूचना प्रणाली चूस्त नरहेको र मार्गस्थ हिसाबमा रहेको रकमलाई यथोचित लेखा शिर्षकमा लेखांकन गर्न केन्द्रीय कार्यालय लगायत शाखा र क्षेत्रीय कार्यालय उदासिन रहेको कारणले वर्षान्तमा रु. २३ करोड ८९ लाख मार्गस्थ हिसाबमा बांकी रहेकोले सम्पत्ति, दायित्व, आय तथा व्ययमा सो रकमले असर पर्न जाने देखिन्छ।

४.११.४ मुख्य शाखा कार्यालयमा २३ वर्ष भन्दा बढि अवधिदेखि जिम्मेवारी सार्दै ल्याएको रु. ४ करोड ३६ लाखमा यस वर्ष रू. ४ लाख मात्र असुली भई रू. ४ करोड ३२ लाख असुली हुन नसकेकोले अपलेखन गर्नुपर्नेमा शतप्रतिशत नोक्सानी व्यवस्था गरि वित्तीय विवरणमा समावेश गर्दै आएको छ।

४.११.५ खर्चका लागि लिएको पेश्कीरू. ६७ लाख ५ हजार एक बर्ष भन्दा बढी समय देखि फछ्र्यौट नभएकोले खर्च भएको रकम लेखाकंन नहुँदा नाफा सोहि रकमले बढी देखिएको छ।

४.११.६ हिसाब मिलान हुन बाँकीकर्जा असुली अन्तर्गत कर्जा वापत प्राप्त भएको रु. १९ करोड ६५ लाख सण्ड्री क्रेडिटर्समा लेखाकंन गर्ने गरेकोले सण्ड्री क्रेडिटर्स, कर्जा मौज्दात र कर्जा ब्यवस्था सोहि रकमले बढि प्रदर्शन भएको छ।

४.११.७ यस वर्षको अन्तसम्ममा सण्ड्रि डेटर्समा बाँकी रहेको रु ६ करोड २३ लाख ६८ हजारलाई यथोचित लेखांकन गर्नू पर्नेमा नगरी यथावत राख्दा व्यय र सम्पत्तिको यथार्थ चित्रण भएको छैन। यस मध्ये विभिन्न शाखा कार्यालयहरुबाट लुटिएका नगद तथा जिन्सी र जालसाजी गरी ड्राफ्ट मार्फत रकम झिकेको कारणबाट हुन गएको नोक्सान वापत ७ शाखा कार्यालयहरुको हकमा दावी गरेको रकम रू. ३ करोड ८७ लाख ७५ हजार भन्दा कम दावि स्विकृति गरी रू. १ करोड प्राप्त भएकोमा बैंकले सो क्षति निर्धारण स्विकार गरेको छैन। कम दावि स्विकृति भएको रकम खर्च लेखाकंन पनि गरेको छैन।

४.११.८ विना सूचना ड्राफ्टको भुक्तानी रकम रु. ९ करोड १६ लाख को पूर्ण व्यवस्था भएता पनि सो रकमको वास्तविकता पहिचान गरी हिसाब मिलान हुन सकेको छैन ।

४.११.९ मुख्य शाखा कार्यालय अर्न्तगत विगत धेरै वर्षहरु देखि जिम्मेवारी सार्दै आएको पुराना प्रतितपत्रहरुको हिसाब मिलान गरेको पाइएन ।

४.१२ **डि-रिकगनिसन** - नेपाल लेखामान ६ को दफा ६५ डि-रिकगनिसन अनुसार कुनै सम्पत्तिको खुद मूल्यलाई निसर्गगरिएमा वा भविष्यमा यसबाट कुनै आर्थिक लाभ प्राप्त हुने नदेखिएमा सम्पत्तिबाट हटाउनु पर्दछ । तर स्थीर सम्पत्ति रजिष्टरमा देखाईएका कतिपय सामानहरु प्रयोगमा नआएको र भविष्यमा यसबाट कुनै आर्थिक लाभ प्राप्त हुने नदेखिएको भएपनि सो सम्पत्तिको किताबी मूल्यको अपलेखन नगरी ह्रास कट्टी गर्ने गरिएको छ ।

४.१३ **गैर बैंकिंग सम्पत्ति** - ऋण असूल गर्न धितो राखेको घर जग्गा बैंकले सकार गरेको सम्पत्तिप्रयोगबापत प्राप्त हुनु पर्ने आम्दानी लेखांकन भए नभएको एकिन गर्ने परिपाटी नरहेकोले कूल आम्दानीको रकम एकिन गर्न सकिने अवस्था छैन । साथै सकार गरेका सम्पत्तिबाट भोगचलन गरिरहेका व्यक्तिहरुलाई हटाउन सकेको छैन ।

४.१४ निक्षेप - अप्रमाणित निक्षेप रु. ४० करोड २ लाख सम्बन्धित निक्षेप खातामा जम्मा गर्न ढिलाई भएबाट एकातिर बैंकको साखमा प्रतिकुल असर पर्न जाने देखिन्छ भने अर्कातिर त्यस्ता रकममा ब्याजको हिसाव नहुंदा ब्याज खर्चपनि कम लेखांकन हुन गएको छ ।

४.१५ **मुल्य अभिवृद्धि कर** - विदेशी संस्था (स्वीफ्ट र भिसा ओल्डवाईड पिटिई लिमिटेड)लाई भुक्तानी गरेको रकममा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ८(२) बमोजिम मूल्य अभिबृद्धि कर कट्टी गरेको छैन ।

४.१६ **नेपाल लेखामान-** वित्तीय विवरणहरु तयारी र प्रस्तुति गर्दा नेपाल लेखामान १ (वित्तीय विवरणको प्रस्तूतीकरण), नेपाल लेखामान २ (लेखा नीति, लेखा अनुमानमा परिवर्तन तथा लेखांकन गल्ती) र नेपाल लेखामान ६ (प्रोपर्टि प्लान्ट एण्ड इक्विपमेन्ट), नेपाल लेखामान ७ (आय)को पूर्ण पालना गरेको छैन ।

४.१७ अन्य ऐन तथा नियमहरुको पालना -

४.१७.१ उपलब्ध सुचना तथा जानकारी एवं लेखापरीक्षणको क्रममा आधारमा कम्पनी ऐन २०६३ को दफा ११५(३) तथा बैक तथा वित्तीय संस्था ऐन २०६३ को दफा ६३(२) मा उल्लेख भएका ब्यवस्थाहरुका सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्:

४.१७.२ लेखापरीक्षणको सिलसिलामा, यस प्रतिवेदनमा अन्यत्र उल्लेख गरिएका बाहेक, आवश्यक ठानेका सबै सुचना तथा स्पष्टीकरण उपलब्ध भयो ।

४.१७.३ उक्त ब्यहोराहरु बाहेक कम्पनी ऐन अनुरुप बैंकले आफ्नो कारोवारको यथार्थ स्थिति स्पष्ट हुनेगरी लेखा राखेको पाइयो ।

४.१७.४ वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र इक्विटीमा भएको परीवर्तनको विवरणका साथै तत्सम्बन्धि अनुसुचीहरु नेपाल राष्ट्र बैंकले तोकेको ढांचामा प्रस्तुत गरेको छ ।

४.१७.५ हामीले प्राप्त गरेकोको सुचना, स्पष्टीकरण तथा बैंकको हिसाबकिताबको परीक्षणबाट बैंकका कुनै पदाधिकारीले प्रचलित कानुन विपरीत कुनै कामकाज वा अनियमित कार्य गरेको वा बैंकको हानि नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

४.१७.६ बैंकमा लेखासम्बन्धी कुनै जालसाजी गरेको हाम्रो जानकारीमा आएन ।

४.१७.७ बैंकले "क" वर्गको इजाजतपत्र प्राप्त संस्थाको हकमा पूंजीकोषको गणना गर्न नेपाल राष्ट्र बैंकद्वारा जारी क्यापिटल एडिक्वेसी फ्रेमवर्क २००७ (२००८ जुलाईसम्म अध्यावधिक) को अनुसुची १.१ अनुरुप न्यूनतम पूंजीकोष कायम गर्न सकेको छैन। संलग्न वित्तीय विवरण अनुसार २०७१ आषाढ मसान्तमा बैंकको प्राथमिक पूंजीकोष र कुल पूंजीकोष अनुपात क्रमशः ४.४६ प्रतिशत र ४.६२ प्रतिशत पुगेको छ।

४.१७.८ बैंकले कर्जा अपलेखन गर्दा आफ्नो कर्जा अपलेखन कार्यविधी, २०६२ तथा नेपाल राष्ट्र बैंकको निर्देशन पूर्ण रुपमा पालना गर्ने गरेको छैन।

४.१७.९ यस प्रतिवेदनमा उल्लेख भएको ब्यहोराहरु बाहेक, नेपाल राष्ट्र बैंकले दिएको निर्देशन अनुरुप कार्य गरेको छः

(क) नेपाल राष्ट्र बैंकको निर्देशिका नं. ८ अनुसार इजाजतपत्र प्राप्त संस्थाले सर्वसाधारणमा शेयर विक्री गरि नेपाल धितोपत्र विनिमय बजारमा सूचीकृत भइसकेको संगठित संस्थाको शेयर तथा डिवेन्चरमा मात्र लगानी गर्नुपर्नेमा ११ सूचीकृत नभएका निकायको शेयरमा रु. १ करोड २२ लाख ४६ हजार लगानी गरेको छ।

(ख) आर्थिक वर्ष, २०७०।७१ को अन्त्यमा बैंक तथा वित्तिय संस्था ऐन, २०६३ को दफा ४८ (६) को पालना भएको छैन।

(ग) बैंक तथा वित्तीय संस्था ऐनको दफा ७ बमोजिम पूंजीको कम्तीमा ३० प्रतिशत शेयर सर्वसाधारणलाई जारी गर्नुपर्ने व्यवस्था भएकोमा हालसम्म सर्वसाधारणलाई शेयर जारी गरेको छैन।

४.१७.१० बैंकका शाखा कार्यालयहरुबाट प्राप्त विवरणहरु स्वतन्त्र लेखापरीक्षणको लागि पर्याप्त रहेको पाइयो।

४.१७.११ निक्षेपकर्ता र लगानीकर्ताको हित संरक्षण नहुने गरी कार्य गरेको हाम्रो जानकारीमा आएन।

४.१८ **व्यवस्थापन पत्र–** व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा दर्शाइएको छ।

नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	२०,८४७	-	-	-	-	२०,८४७
बेंक तथा वित्तिय संस्थामा रहेको मौज्दात	५३१	-	-	-	-	५३१
माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	३४१	-	-	-	-	३४१
सरकारी सुरक्षणहरुमा लगानी	१४,९०४	९,९७०	१,५७२	२,९८५	१,०६३	३०,४९३
संगठित संस्थाको बण्डमा लगानी	-	-	-	-	-	-
अन्य लगानी	३३६	-	-	-	९८३	१,३१८
संगठित संस्थाको शेयरमा लगानी	-	-	-	-	२९६	२९६
कर्जा, सापट तथा बिल्स खरीद	५,२८९	७,३७४	९,५८७	१४,५४९	२४,०५६	६०,८५५
पाउनुपर्ने ब्याज	२९	१९	३	६	२	५९
अन्य सम्पत्ति	२,८८०	-	-	-	५,४७४	८,३५४
कूल सम्पत्ति	४८,१८४	१७,३६४	११,१६२	१७,५३९	३१,८७३	१२६,१२२
पूंजी तथा दायित्व						-
निक्षेप दायित्व	३४,४०४	५,४३६	१,६७७	६०,९२३	४,८३०	१०७,२७०
सापटी	१,४७९				३००	१,७७९
डिबेन्चर तथा बण्ड						-
विविध साहु	५४७	-	-	-	-	५४७
भुक्तानी गर्नुपर्ने बिल	१६					१६
भुक्तानी गर्नुपर्ने ब्याज	९४	-	-	-	-	९४
व्यवस्था	७६२	२०१	१२६	-	३,९०६	४,९९६
अन्य दायित्व	१,५०४	-	-	-	७,५२६	९,०३०
प्रिफरेन्स शेयरमा तिर्नुपर्ने लाभांश	-	-	-	-	-	-
शेयर पूंजी तथा जगेडा					२,३९१	२,३९१
कूल पूंजी तथा दायित्व	३८,८०५	५,६३७	१,८०३	६०,९२३	१८,९५३	१२६,१२२
खूद वित्तिय सम्पत्ति	९,३७९	११,७२७	९,३५९	(४३,३८४)	१५,३११	२,३९१
खूद सम्पत्ति	९,३७९	११,७२७	९,३५९	(४३,३८४)	१२,९२०	०

१२. सम्बन्धित पक्षसंगको कारोबार

१२.१ व्यपस्थापनको मूख्य पदाधिकारीहरुलाई भुक्तानी गरिएको रकम

१२.१.१ संचालक समितिका पदाधिकारीहरुलाई भुक्तानी गरिएको रकम :

बैंकको संचालक समितिका पदाधिकारीहरु तथा उहांहरुलाई बैठक भत्ता तथा अन्य सुविधाबापत यस आ.व.मा भुक्तानी गरिएको रकमको विवरण निम्नानुसार रहेको छ :

क्र.सं.	नाम	रकम रु.
१	नरहरि ढकाल	१९०,५००।००
२	बाल चन्द्र श्रेष्ठ	२,५००।००
३	बटुकनाथ ढकाल	१८८,५००।००
४	विष्णु दास डंगोल	२,५००।००
५	ज्ञानेन्द्र राज कोईराला	२१८,०००।००
६	हरि प्रसाद मुनकर्मी	२०५,०००।००
७	जितेन्द्र प्रसाद उपाध्याय	३०४,३३३।२५
८	लक्ष्मण न्यौपाने	२,५००।००
९	राजन खनाल	२,५००।००
१०	शिवा देवी काफ्ले	१८०,५००।००
११	नवराज भण्डारी	२६८,०००।००
	कूल रकम	१,५६४,८३३।२५

प्रत्येक संचालकहरुलाई पत्रपत्रिका सुविधाबापत मासिक रु २ हजार दिने र बैंकको सवारी साधन प्रयोग नगर्ने संचालकहरुलाई मासिक २० लिटर ईन्धन बापत नगद भुक्तानी गर्ने व्यवस्था रहेको छ ।

१२.१.२ प्रमुख कार्यकारी अधिकृतलाई भुक्तानी गरिएको रकम :

बैंकको प्रमुख कार्यकारी अधिकृतको पदमा श्री कृष्ण प्रसाद शर्मालाई २०६८/०९/२१ गतेदेखि लागु हुने गरी करारमा नियुक्ति गरिएको र निजलाई यस आ.व.मा तलब तथा भत्ता बापत रु.३१ लाख २० हजार(गत वर्ष रु.३१ लाख २ हजार) भुक्तानी गरिएको छ । यसको अतिरिक्त संचार सुविधा बापतको महसुल भुक्तानी तथा चालक, ईन्धन र मर्मतसंभार सहित सवारी साधनको व्यवस्था गरिएको छ ।

१२.१.३ व्यवस्थापनका अन्य मूख्य कर्मचारीहरुलाई भुक्तानी गरिएको रकम :

बैंकको कर्मचारी विनियमावली अनुसार तह १० (मूख्य अधिकृत) वा सो भन्दा माथिल्लो तहका कर्मचारीहरु बैंक व्यवस्थापनका मूख्य व्यक्तिहरु हुन् । उनीहरुलाई यस आ.व.मा देहाय बमोजिमको अल्पकालीन सुविधा (तलब तथा भत्ता) तथा अवकाश योगदान बापत भुक्तानी गरिएको छ ।

तह	संख्या	अल्पकालीन सुविधाहरु	घोषित अवकाश योगदानहरु		
			संचयकोष	कल्याणकारी संचयकोष	औषधी उपचार कोष
कार्यकारी निर्देशक	१	६०२,८३३।००	२९,६७३।००	७४,७८०।००	०।००
नायब महाप्रबन्धक	४	२,५५३,४२४।००	१३८,५११।००	३०४,४८९।००	२०५,५७१।००
मूख्य अधिकृत	१२	१०,१४९,२०२।००	५२५,७१७।००	६९२,१६०।००	८८३,००८।००
जम्मा		१३,३०५,४५९।००	६९३,९०१।००	१,०७१,४२९।००	१,०८८,५७९।००

निजहरुलाई कर्मचारी नियमावली अनुसार कर्मचारी कर्जा, सवारी साधन, संचार तथा अन्य सुविधा उपलब्ध गराईएको छ । निजहरु कर्मचारी नियमावली अनुसार पेन्सन तथा उपदान, संचित बिदा बापतको भुक्तानी र सावधिक जीवन बीमा योजना लगायतका घोषित सुविधा योजनाहरुमा सहभागी हुन योग्य छन् ।

यस आ.व.मा निजहरुलाई सेवा समाप्ति भुक्तानी, शेयर सम्बद्ध भुक्तानी तथा अन्य दीर्घकालीन सुविधा बापत कुनै भुक्तानी गरिएको छैन ।

१२.२ नेपाल सरकारसंगको कारोबार

नेपाल सरकारले बैंकको शत प्रतिशत स्वामित्व ग्रहण गरेको छ । बैंकले निवृत्तभरण वितरण र सरकारी कारोबार संचालनको लागि नेपाल सरकारको एजेन्सी बैंकको रुपमा कारोबार गर्दै आएको छ । उक्त कारोबारहरु संचालन बापत नेपाल सरकारले तोकिएको दरमा कमिशन उपलब्ध गराउने गरेको छ ।

क) पेन्सन वितरण तथा सरकारी कारोबार संचालन बापत कमिशनको विवरण:

यस आर्थिक वर्षभरिमा नेपाल सरकारबाट संरकारी कारोवार संचालनको कमिसन बापत प्राप्त रु. ९ करोड १२ लाख (गत वर्ष रु. १७ करोड ४३ लाख ७५ हजार) र नेपाल सरकारको निजामती, प्रहरी, शिक्षक तथा अन्य सेवा निवृत्त कर्मचारीहरुलाई पेन्सन वितरणको कमिशन बापत प्राप्त रु १२ करोड २६ लाख १७ हजार (गत वर्ष रु ९ करोड ४९ लाख ३९ हजार) गरी जम्मा रु २१ करोड ३८ लाख १७ हजार (गत वर्ष रु २६ करोड ९३ लाख १४ हजार) लाई कमिशन आम्दानीमा लेखांकन गरिएको छ ।

ख) नेपाल सरकारबाट पेन्सन बितरण तथा सरकारी कारोबारको सोधभर्ना हुन बांकी रकमको विवरण:

यस आर्थिक वर्षको आषाढ मसान्तमा बैंकले नेपाल सरकारको निजामती, सेना, प्रहरी, शिक्षक तथा अन्य सेवाबाट निवृत्त कर्मचारीहरुलाई पेन्सन वितरण गरको रकम रु १ अर्व ४ करोड ११ लाख ७५ हजार (गत वर्ष रु २ अर्व २२ करोड ८१ लाख ७० हजार) को सोधभर्ना हुन बाकी रहेको छ । सरकारी कारोवार संचालन तर्फको रु. ३ अर्व ६१ करोड ६५ लाख ३६ हजार (गत वर्ष रु. १ अर्व २३ करोड ३ लाख ५५ हजार सोधभर्ना हुन बांकी) तिर्न बांकी रकम अनुसूची ४.७ को बुंदा नं. १२.१०:अन्य अन्तर्गत प्रस्तुत गरिएको छ ।

१२.३ राष्ट्रिय वाणिज्य बैंक अवकाश कोषसंगको कारोबार:

यस बैंकका कर्मचारीहरुको अवकाश सम्बन्धी योगदान तथा सुविधा कोषहरुको व्यवस्थापन तथा संचालन गर्न आयकर ऐन, २०५८ मा भएको व्यवस्था बमोजिम आन्तरिक राजस्व विभागको स्वीकृति लिई छुट्टै स्वीकृतिप्राप्त अवकाश कोषको रुपमा **"राष्ट्रिय वाणिज्य बैंक अवकाश कोष"**को स्थापना

गरिएको छ । यस कोषमा बैंकका कर्मचारीहरुको संचयकोष, कल्याणकारी संचयकोष, औषधीउपचार कोष लगायतका घोषित अवकाश योगदानको रकमहरु जम्मा गर्ने तथा पेन्सन तथा उपदान कोष, संचित बिदा कोष, सावधिक जीवन बीमा कोष लगायतका कोषले घोषित अवकाश सुविधासंग सम्बन्धित कोषहरुमा बैकले योगदान गर्ने गरिएको छ । कोषले छुट्टै हिसाब किताब र लेखा कोषहरुको संचालन, परिचालन तथा व्यवस्थापन गर्दै आएको छ । बैंकले यस आर्थिक वर्षमा कोषमा रु.८६,०३,८१,३४७।-(गत वर्ष रु.२५,७७,२५,९४७।-) कर्मचारी सुविधा योगदान गरको छ भने कोषले उपलब्ध गराएको विवरण बमोजिम हिताधिकारी कर्मचारीहरुलाई सुविधा योजना अन्तरगत रु.८५,६५,६८,७१२।- (गत वर्ष रु.९०,४५,४९,०१८।-) भुक्तानी गरेको छ ।

१२.४ **बैंकसंग सम्बन्धित अन्य पक्षहरु :**

यस बैंकको नेको इन्सुरेन्स कम्पनी लि.मा २० प्रतिशत संथापक शेयर स्वामित्व रहेको छ भने नेशनल लाइफ इन्सुरेन्स कम्पनी लि. मा १०.२७ प्रतिशत संस्थापक शेयर स्वामित्व रहेको छ ।

बैंकले कर्मचारीहरुको औषधीउपचार तथा दुर्घटना र सम्पत्तिको बीमा गरे वापत यस आर्थिक वर्षमा नेको इन्सुरेन्स कम्पनी लि लाई रु. १६,५००,०३३।२२ बीमा प्रिमियम भुक्तानी गरेको छ । बैंकले आफ्ना कर्मचारीहरुलाई कर्मचारी विमियमावली अनुसार कर्जा/सापट प्रदान गर्दा अतिरिक्त सुरक्षणको रुपमा गराइने कर्मचारीहरुको जीवन बीमा नेशनल लाइफ इन्सुरेन्स कम्पनी लि. मार्फत गराउने गरिएको छ । बैंकले कर्मचारीहरुबाट जीवन बीमा प्रिमियम संकलन गरी उक्त कम्पनीलाई भुक्त,ानी दिने गरेको छ ।

बैंक र बीमा कम्पनीबीचको उक्त कारोबारहरु Arm's Length Transactions हुन् ।

१३. लाभांश आम्दानी

नेपाल राष्ट्र बैंकले नेपाल इन्भेष्टमेन्ट बैंक लि.तथा नेपाल आवाश फाइनान्स लि.लाई यस बैंकले पाउनुपर्ने लाभांश भुक्तानी गर्न रोक लगाएकोमा यस बैंकले वित्तीय विवरणप्रमाणित हुने मितिसम्ममा नेपाल इन्भेष्टमेन्ट बैंक लि. तथा नेपाल आवाश फाइनान्स लि.को शेयरहरु बिक्री गरिसकेकोले यस आ.व. २०७०/७१ समाप्त हुनुपूर्व भुक्तानी अधिकार प्राप्त भइसकेको लाभांश रु. १५१,४६९,०४४।७० लाई यसै वर्षको आम्दानी लेखांकन गरिएको छ ।

१४. कर्मचारी अवकाश सुविधाहरु

घोषित कर्मचारी योगदान योजना (Defined Employee Contribution Plans):

घोषित कर्मचारी योगदान योजना अन्तर्गत कर्मचारी संचयकोष, कर्मचारी कल्याणकारी संचयकोष तथा कर्मचारी औषधोपचार कोष रहेका छन् ।

कर्मचारी संचयकोषमा हरेक महिना कर्मचारीको तलबको १० प्रतिशतका दरले कट्टा गरी बैंकले १० प्रतिशत थप गरी जम्मा गर्दै लाने व्यवस्था भए बमोजिम यस आ.व.मा रु.६९,७७७,९५१।८८(गत वर्ष रु.५८,७३०,८५६।८४) कर्मचारी संचयकोष बापत नाफा नोक्सान हिसाबमा खर्च लेखिएको छ ।

कर्मचारी कल्याणकारी संचयकोषमा हरेक आर्थिक वर्षको श्रावण महिनामा २ महिनाको तलब बराबरको रकम बैंकले जम्मा गर्दै लाने व्यवस्था भए बमोजिम यस आर्थिक वर्षमा रु. ९४,३९९,३३५।५५ (गत वर्ष रु. ७७,८०२,३९६।४०) कल्याणकारी संचयकोष बापत नाफा नोक्सान हिसाबमा खर्च लेखिएको छ ।

औषधोपचार खर्चका सम्बन्धमा बैंकले समय समयमा निर्धारण गरे बमोजिमको वार्षिक तलबको प्रतिशतले हुने रकम प्रत्येक वर्षमा उपलब्ध गराउने व्यवस्था भए बमोजिम ५० प्रतिशत औषधोपचार कोषमा जम्मा गरिएको र बांकी ५० प्रतिशत कर्मचारीलाई उपलब्ध गराइएको छ । यस आर्थिक वर्ष २०७०/७१मा रु. १३८,९१८,१५१।९३ (गत वर्ष रु.१०६,२०८,०६८।९१)औषधोपचारबापत नाफानोक्सान हिसाबमा खर्च लेखिएको छ ।

घोषित कर्मचारी सुविधा योजना (Defined Employee Benefit Plans):

घोषित कर्मचारी सुविधा योजना अन्तर्गत कर्मचारी पेन्सन तथा उपदान कोष, सावधिक जीवन बीमा कोष र कर्मचारी बिदा कोष रहेका छन् । कर्मचारी अवकाश हुंदाका बखत कर्मचारी विनियमावलीमा तोकिए बमोजिमको रकम यी कोषहरुबाट भुक्तानी हुने व्यवस्था रहेको छ ।

बैंकले घोषित कर्मचारी सुविधा योजना अन्तर्गतका कोषहरुको दायित्व एकीन गर्न हरेक वर्ष Actuary मार्फत बिमांकी मूल्यांकन (Actuarial Valuation) गराउने नीति लिएको छ ।

यस बैंकका कर्मचारीहरुको अवकाश सम्बन्धी योगदान तथा सुविधा कोषहरुको व्यवस्थापन तथा संचालन राष्ट्रिय वाणिज्य बैंक अवकाश कोषले आयकर ऐन, २०५८ मा भएको व्यवस्था बमोजिम स्थापित भई आन्तरिक राजस्व विभागको स्वीकृति लिई छुट्टै रुपमा गर्दै आएको छ । कोषले आफ्नो छुट्टै हिसाब किताब र लेखा राखी लेखापरीक्षण गराउदै आएको छ । राष्ट्रिय वाणिज्य बैंक अवकाश कोषमा हस्तान्तरण गरिएको दायित्व तथा सो संग सम्बन्धित सम्पत्तिहरुलाई यस बैंकको वासलातमा समावेश गरिएको छैन । तथापि अवकाश सम्बन्धी दायित्व/सम्पत्ति यकीन गरी थप गर्नुपर्ने रकम कोषको स्थिति (Funded Status) हेरी थप गर्दै लगिएको छ । यसरी यकीन गरिएको खूद दायित्व/सम्पत्तिमात्र बैंकको वासलातमा समावेश गरी प्रस्तुतिकरण गरिएको छ ।

यस आ.व.को Actuarial Valuation Report प्राप्त भइसकेकोले सोही प्रतिवेदनका आधारमा अवकाश सुविधा सम्बन्धी दायित्व यकीन गरिएको छ । यस आ.व.मा पेन्सन तथा उपदान, संचित विदा र सावधिक जीवन कोष गरी कूल रु. १,२३८,००४,७४१।०० थप दायित्व सृजना भएको छ । गत आ.व.सम्म प्रत्येक आ.वमा थप हुने अवकाश दायित्व रकमलाई नाफा नोक्सान हिसाबमा लेखांकन गर्ने गरिएकोमा यस आ.व.मा नेपाल लेखामान १९:कर्मचारी सुविधामा उल्लेखित व्यवस्थाअनुसार उपरोक्त रकममध्ये Current Service Cost रु. ३३९,६४३,२६१।०० र Net Interest Cost रु.१७६,७९८,०२७।०० गरी जम्मा रु. ५१६,४४१,२८८।०० लाई सम्वन्धित कर्मचारी खर्च शीर्षकमा लेखाङ्कन गरिएको छ भने Re-Measurement gain/Loss रु.७२१,५६३,४५३।०० लाई Other Components of Equity को रुपमा कर्मचारी अवकाश दायित्व पूनमूल्यांकन नाफा/नोक्सान हिसाबमा सारी उक्त रकमलाई अनुसूची ४.२: जगेडा तथा कोषमा छुट्टै प्रस्तुत गरिएको छ । कर्मचारी सुविधाको बिमाङ्की मूल्याङ्कनको प्रतिवेदन अनुसारको कर्मचारी सुविधा योजना दायित्व र कोषको वित्तीय विवरण अनुसारको "राष्ट्रिय वाणिज्य बैंक अवकाश कोष" मा रहेको योजना सम्पत्तिमा आएको परिवर्तन तथा यस आर्थिक वर्षमा नाफा/ नोक्सान हिसाबमा लेखांकन गरिएको र वासलातमा देखाइएको रकमको विवरण देहाय बमोजिम रहेको छ :

आर्थिक वर्ष २०७०।७१ को अन्त्यमा कर्मचारी अवकास सुविधा योजना दायित्वमा भएको परिवर्तन को बिबरण **(Changes in Retirement Benefit Obligations)** रकम रु.

विवरण	पेन्सन तथा उपदान	सावधिक जीवन बीमा	संचित तथा बिरामी बिदा	आ.व २०७०/७१	आ.व २०६९/७०
अवकास सुविधा योजना दायित्वको शुरु मौज्दात	५,५५७,४५०,३२६	१,५१५,५४२,७४९	३८०,३३५,०३९	७,४५३,३२८,११४	७,१३६,३७२,७१२
जोडः दायित्व व्याज खर्च (Interest Cost)	५५२,५६३,५४५	१२१,२४३,४२०	३०,४२६,८०३	७०४,२३३,७६८	६०२,९३३,५१५
जोडः यस वर्ष को सेवा खर्च (Current Service Cost)	१००,३५८,७९६	१५५,१०६,९३२	८४,१७७,५३३	३३९,६४३,२६१	४१२,२६९,६५६
जोडः गत वर्ष को सेवा खर्च (Past Service Cost)	-	-	-	-	
न्युनः यस वर्ष भरिको अवकास भूक्तानी (Benefit Paid)	(६००,८०२,४७९)	(२१२,०७२,९६०)	(४३,६९३,२७३)	(८५६,५६८,७१२)	(९०४,५४९,०१८)
वर्षको अन्त्यमा दायित्वमा भएको Actuarial (आम्दानी)/ नोक्सान Remeasurement (Gain)/Loss on Obligation	१९३,४६०,३६४	३७४,२८३,६७१	२५,६६६,०७२	५९३,४१०,१०७	२०६,३०१,२४९
अवकास सुविधा योजना दायित्वको अन्तिम मौज्दात	५,८०३,०३०,५५१	१,९५४,१०३,८१२	४७६,९१२,१७४	८,२३४,०४६,५३७	७,४५३,३२८,११४

आर्थिक वर्ष २०७०/७१ को अन्त्यमा राष्ट्रिय वाणिज्य बैंक अवकास कोषमा रहेको अवकास सुबिधा योजना दायित्व संग सम्बन्धित खूद सम्पत्तिमा भएको परिवर्तन को बिवरण **(Retirement Benefit Fund Assets Movements)**

विवरण	पेन्सन तथा उपदान	सावधिक जीवन बीमा	संचित तथा बिरामी बिदा	आ.व २०७०/७१	आ.व २०६९/७०
अवकास सुविधा योजनाको खूद मूर्त सम्पत्तीको शुरु मौज्दात	५,२२८,२१८,८४६	१,२११,९४७,२०७	१५२,७८०,७१४	६,५९२,९४६,७६७	६,८४४,९०४,६६५
जोडः व्याज आम्दानी (Expected return on Assets)	४१८,२५७,५०८	९६,९५५,७७७	१२,२२२,४५७	५२७,४३५,७४१	५४७,५९२,३७३
जोडः यस वर्षको योगदान रकम (Contribution during the year)	३२९,२३१,४८०	३०३,५९५,५४२	२२७,५५४,३२५	८६०,३८१,३४७	
न्युनः यस वर्ष भरिको अवकास भूक्तानी (Benefit Paid)	(६००,८०२,४७९)	(२१२,०७२,९६०)	(४३,६९३,२७३)	(८५६,५६८,७१२)	(९०४,५४९,०१८)
वर्षको अन्त्यमा सम्पत्तीमा भएको Actuarial आम्दानी/ (नोक्सान) Remeasurement Gain/(Loss) on Asset	(९७,७६२,७८०)	(२३,३११,७५६)	(७,०७८,८११)	(१२८,१५३,३४६)	१०४,९९८,७४७
अवकास सुविधा योजनाको खूद मूर्त सम्पत्तिको अन्तिम मौज्दात	५,२७७,१४२,५७५	१,३७७,११३,८१०	३४१,७८५,४१२	६,९९६,०४१,७९६	६,५९२,९४६,७६७
अवकाश सुबिधा दायित्व तथा योजना सम्पत्तिको फरक **Funded Status - Deficit of Assets over Obligation**	५२५,८८७,९७६	५७६,९९०,००२	१३५,१२६,७६२	१,२३८,००४,७४१	८६०,३८१,३४७
बासलातमा देखाइएको खूद दायित्व/(सम्पत्ति)	५२५,८८७,९७६	५७६,९९०,००२	१३५,१२६,७६२	१,२३८,००४,७४१	८६०,३८१,३४७

उक्त खूद दायित्वको लेखांकन बिश्लेषण

नाफा नोक्सान हिसाबमा खर्च लेखिएको रकम	२३४,६६४,८३३	१७९,३९४,५७५	१०२,३८१,८७९	५१६,४४१,२८८
खूद दायित्व व्याज खर्च (**Net Interest Cost)**	१३४,३०६,०३७	२४,२८७,६४३	१८,२०४,३४६	१७६,७९८,०२७
Current Service Cost	१००,३५८,७९६	१५५,१०६,९३२	८४,१७७,५३३	३३९,६४३,२६१
संचित नाफा नोक्सान हिसाबमा खर्च लेखिएको रकम	२९१,२२३,१४३	३९७,५९५,४२७	३२,७४४,८८३	७२१,५६३,४५३
Remeasurement Gain/ Loss	२९१,२२३,१४३	३९७,५९५,४२७	३२,७४४,८८३	७२१,५६३,४५३
बिमांकी मूल्यांकनको लागि लिइएको आधारहरु (Actuarial Assumptions)				
Discount Rate	८ देखि ९ प्रतिशत	८ प्रतिशत	८ प्रतिशत	
सुविधा बढ्दिर (Benefit Increment Rate)	५ देखि ७.५ प्रतिशत	७.५ प्रतिशत	७.५ प्रतिशत	
योजनाको हिताधिकारी संख्या	२९५८ पेन्सनर २५२३ बहालवाला कर्मचारी	२५२३ बहालवाला कर्मचारी	२५२३ बहालवाला कर्मचारी	

उच्च व्यवस्थापनसंग सम्बन्धित अवकाश योगदान

बैंकको उच्च व्यवस्थापनमा रहेका कर्मचारीहरुले पाउने retirement benefit तथा बैंकको तर्फबाट गरिने Retirement Contribution बैंकको कर्मचारी बिनियमावली तथा समयसमयमा स्वीकृत नीतिभन्दा अलग नरहेको र सम्पूर्ण कर्मचारीहरुले आ-आफ्नो तहगत हिसाब तथा सेवा अवधिका आधारमा नियमावली अनुरुप नै पाउने र यस सम्बन्धी उच्च व्यवस्थापनका लागि भनी कुनै विशेष व्यवस्था नभएकाले रकमहरु छुट्टै देखाइएको छैन ।

१५. कर्मचारी बोनस व्यवस्था

यस वर्षको नाफा नोक्सान हिसाबअनुसारको कर अघिको नाफाको ८ प्रतिशतले हुने रु.१५०,२८९,४४३।३७ (गत वर्ष रु. १०९,२२०,६०७।२७) लाई कर्मचारी बोनस खर्च शीर्षकमा लेखाङ्कन गरिएको छ । बैकले विगत आर्थिक वर्ष २०६५/६६, २०६६/६७, २०६७/६८, २०६८/६९ र २०६९/७० मा व्यवस्था गरेको बोनस रकम वितरण गरेको छैन । आ.व.२०६५/६६ को बोनस रकम वितरण गर्ने सम्बन्धमा बैंकले मिति २०६७/०८/१२ मा स्विकृतीका लागि नेपाल सरकार अर्थ मन्त्रालयमा लेखी पठाएकोमा लामो समयसम्म कुनै जवाफ नआएकोले मिति २०६८/०२/११ मा स्विकृतीका लागि पूनः अनुरोध गरिएकोमा २०६८/०८/१३ को पत्र मार्फत कुनै कारण नखुलाई बोनस बितरण गर्न सहमति दिन नसकिने भन्ने लेखी आएकोले उक्त आ.व. २०६५/६६ को बोनस बितरण गरिएको छैन । उक्त आ.ब देखिको बोनस बितरण गर्ने सम्बन्धमा नेपाल सरकारबाट सहमति लिन पूनः प्रयास भइरहेको छ । यसरी लेखांकन गरिएको बोनस व्यवस्था रकम यस आर्थिक वर्षको आषाढ मसान्तमा रु.८८९,५४३,२२५।८७ पुगेको छ । यसलाई वासलातको अन्य दायित्व हिसाब (अनुसूची ४.७) अन्तर्गत कर्मचारी बोनस व्यवस्था शीर्षकमा लेखांकन गरी देखाइएको छ ।

१६. आयकर निर्धारण तथा सम्भाव्य आयकर दायित्वहरुहरुसम्बन्धी खुलासा

सम्बन्धित कर कार्यालयबाट यस बैंकको आर्थिक वर्ष २०५९।६०, २०६०।६१, २०६१।६२, २०६२।६३, २०६३।६४ र २०६४/६५, २०६५/६६, २०६६/६७ र २०६७/६८ को कर निर्धारण आदेश भएको छ ।

उपरोक्त आदेशहरुमध्ये आर्थिक वर्ष २०५९।६०, २०६०।६१, २०६१।६२, २०६२।६३ , २०६३।६४ र २०६४/६५ को कर निर्धारण आदेशविरुद्व यस बैंकले श्री राजश्व न्यायाधिकरणमा निवेदन दिएकोमा उक्त निकायबाट सबै निवेदनहरुउपर फैसला भइसकेको र उक्त फैसलामा केही बिषयहरुमा बैंकको माग बमोजिम निर्णय नभएकाले चित्त नबुझेका बिषयहरुमा बैंकले २०५९/६० देखि आ.व. २०६३/६४ सम्मको कर निर्धारण आदेशविरुद्व सर्वोच्च अदालतमा निबेदन दिइएको छ ।

आ.व.२०६५/६६, २०६६/६७ र २०६७/६८ को कर निर्धारण सम्बन्धमा कर कार्यालयबाट भएको कर निर्धारण समेत बैंकलाई चित्त नबुझेका कारण आन्तरिक राजश्व विभागमा प्रशासकीय पूनरावलोकनको लागि निवेदन गरिएको छ ।

कर निर्धारण आदेश तथा सो उपर श्री राजश्व न्यायाधिकरणको फैसलाको समायोजन पश्चात बैंकको सम्भाव्य आयकर दायित्वहरु तपशील बमोविम रहेको छ :

विवरण	कर कार्यालयको कर निर्धारण अनुसार संभावित कर दायित्व रकम	राजश्व न्यायाधिकरणको फैसला अनुसार घट्ने संभावित कर दायित्व	खुद संभावित कर दायित्व
कर दायित्व आ.व. २०५९/६०	४०,१५४,८६५.८०	-	४०,१५४,८६५.८०
कर दायित्व आ.व. २०६०/६१	४०९,४८९,२७८.००	३९०,१९८,४३२.००	१९,२९०,८४६.००
कर दायित्व आ.व. २०६१/६२	८२१,५९४,०३१.००	७५९,५७१,३८८.००	६२,०२२,६४३.००
कर दायित्व आ.व. २०६२/६३	२२१,५१५,००९.४७	२१४,२२४,२६३.६९	७,२९०,७४५.७८
कर दायित्व आ.व. २०६३/६४	४२६,०२४,६५८.००	३३८,५३५,६६३.००	८७,४८८,९९५.००
कर दायित्व आ.व. २०६४/६५	१४८,६११,६०९.६७	८४,२३५,१०८.७४	६४,३७६,५००.९३
कर दायित्व आ.व. २०६५/६६	५३७,८०८,८९९.४४	४७८,०७३,८५४.४४	५९,७३५,०४५.००
कर दायित्व आ.व. २०६६/६७	६८२,६६२,१२०.३१	५९०,८५६,४८३.०२	९१,८०५,६३७.२९
कर दायित्व आ.व. २०६७/६८	३११,५६०,३७९.३१	२३३,१८२,९४६.१०	७८,३७७,४३३.२१
जम्मा कर दायित्व	**३,५९९,४२०,८५१.००**	**३,०८८,८७८,१३८.९९**	**५१०,५४२,७१२.०१**

१७. आयकर खर्च, स्थगन आयकर सम्पत्ति/दायित्व

क) यस आर्थिक वर्षको करयोग्य आयमा समायोजन गर्न सकिने विगत वर्षहरुको नोक्सान पर्याप्त रहेकाले यस आर्थिक वर्षमा आयकरबापत व्यवस्था गरिएको छैन ।

ख) विगत वर्षहरुदेखि लेखांन हुंदै आएको आयकर व्यवस्था रकम रु. २७,५००,०००।०० कर बापत व्यवस्था गर्न आवश्यक नभएकोले विगत वर्षको करबापत आम्दानी जनाइएको छ ।

ग) स्थगन आयकर बापत खर्च यस वर्ष रु. ६९,४२२,५२७।५२ (गत वर्ष रु.५५,१४३,६१०।३३ लाई नाफा नोक्सान हिसाबमा खर्चको रुपमा देखाई स्थगन कर सम्पत्ति समायोजन गरिएको छ । यस आ.व.को स्थगन आयकर खर्च बराबरको रकमलाई स्थगन कर जगेडा खर्च (Debit) गरी संचित नाफा/ नोक्सान हिसाबमा सारिएको छ ।

घ) बैंकले स्वयं कर निर्धारण विवरण बमोजिम दावी गरेको आयकर ऐन, २०५८ अनुसार आगामी वर्षहरुमा सार्न सकिने नोक्सानी रकमभन्दा कर कार्यालयले फरक कर निर्धारण गरेकोमा बुंदा नं. १६ मा उल्लेख गरिएबमोजिम कानूनी प्रक्रियामा रहेकोले बैंकले दावी गरेबमोजिम आगामी वर्षहरुमा सार्न सकिने नोक्सानी रकमहरुको स्थगन कर सम्पत्ति असूल उपर हुने निश्चितता नभएको कारण उक्त नोक्सानीको स्थगन कर आय/सम्पत्ति गणना गरिएको छैन ।

ङ) यस वर्षको अन्त्यमा कायम रहेको घटाउनयोग्य अस्थायी फरक रकम (Deductible Temporary Difference) को स्थगन आयकर सम्पत्ति रु.३८६,८९०,०७५।९३ (गत वर्ष रु.४५६,३१२,६०३।४५) लाई अन्य सम्पत्ति अन्तर्गत देखाइएको छ ।

च) आ.व. २०६९/७० सम्मको स्वयं कर निर्धारण विवरणहरु सम्बन्धित कर कार्यालयमा दाखिला गरिसकिएको छ । यस आ.व. २०७०/७१ को कर लेखापरीक्षण गरी स्वयं कर निर्धारण विवरण पेश गर्न बांकी छ ।

छ) यस आ.व.को अन्त्यमा कायम रहेको स्थगन आयकर सम्पत्तिको गणना, घटाउन योग्य अस्थायी फरक तथा परिवर्तनको विवरण तपशील बमोजिम रहेको छ :

आ.व.२०७०/७१ को आषाढ मसान्तमा स्थगन आयकर सम्पत्तिको गणना, घटाउन योग्य अस्थायी फरक तथा परिवर्तनको विवरण :

रकम रु.

विवरण	गत बर्ष २०६९/७०			यस आ.व.२०७०/७१			परिवर्तन(रु.)
सम्पत्ति तर्फ	लेखांकन गरिएको रकम (CarryingAmount)	कर आधार (TaxBase)	घटाउनयोग्य/ (करयोग्य) अस्थायी फरक	लेखांकन गरिएको रकम (Carrying Amount)	कर आधार (Tax Base)	घटाउनयोग्य/ (करयोग्य)अस्थाइ फरक	
स्थिर सम्पत्तिमा	४८९,१०८,९९१.७२	५३१,५४२,१८३.९६	४२,४३३,१९२.२४	४९१,०६५,१४७.८०	५३५,६४१,८४५.७४	४४,५७६,६९७.९४	२,१४३,५०५.७०
जम्मा	४८९,१०८,९९१.७२	५३१,५४२,१८३.९६	४२,४३३,१९२.२४	४९१,०६५,१४७.८०	५३५,६४१,८४५.७४	४४,५७६,६९७.९४	२,१४३,५०५.७०
दायित्व तर्फ							
कर्जा तथा सापटीको लागि जोखिम व्यहोर्ने कोषमा	३,४४५,७६१,०७६.१२	३,४४२,९२३,१०६.०३	२,८३७,९७०.०९	३,५६१,५२३,१६८.४४	४,०३३,४१९,९३७.९२	(४७१,८९६,७६९.४८)	(४७४,७३४,७३९.५७)
लगानीको लागि जोखिम व्यहोर्ने कोषमा	१५,३६८,०००.००	-	१५,३६८,०००.००	१८,०६३,०००.००	-	१८,०६३,०००.००	२,६९५,०००.००
गैह्र बैंकिंग सम्पत्तिको लागि जोखिम व्यहोर्ने कोषमा	११४,७५७,१७८.०९	-	११४,७५७,१७८.०९	१०२,९७९,७९५.८७	-	१०२,९७९,७९५.८७	(११,७७७,३८२.२२)
अन्य सम्पत्तिको लागि जोखिम व्यहोर्ने कोषमा	४०४,२९४,५४१.४५	-	४०४,२९४,५४१.४५	२८०,७७३,१६३.०५	-	२८०,७७३,१६३.०५	(१२३,५२१,३७८.४०)
कर्मचारीको लागि दायित्व व्यहोर्ने कोषमा	९४१,३५१,१२९.६४	-	९४१,३५१,१२९.६४	१,३१५,१३७,६९९.०२	-	१,३१५,१३७,६९९.०२	३७३,७८६,५६९.३८
जम्मा	४,९२१,५३१,९२५.३०	३,४४२,९२३,१०६.०३	१,४७८,६०८,८१९.२७	५,२७८,४७६,८२६.३८	४,०३३,४१९,९३७.९२	१,२४५,०५६,८८८.४६	(२३३,५५१,९३०.८१)
कुल जम्मा			१,५२१,०४२,०११.५१			१,२८९,६३३,५८६.४०	(२३१,४०८,४२५.११)
करको दर			३०%			३०%	३०%
स्थगन आयकर सम्पत्ति/ (दायित्व)	-	-	४५६,३१२,६०३.४५	-	-	३८६,८९०,०७५.९२	(६९,४२२,५२७.५२)

१८. अन्य

१८.१ हिसाव मिलान नभएका तथा पूराना मौज्दातहरुको लागि व्यवस्था :

अन्य सम्पत्ति शीर्षकमा रहेका पुराना मौज्दातको वर्षानुगत विवरण बमोजिम १ वर्ष भन्दा पूराना मौज्दातका लागि व्यवस्था कायम गरिएको छ। साथै हिसाबमिलान नभएका एजेन्सी मौज्दातहरुमा समेत आवश्यक व्यवस्था गरिएको छ। यस आ.व.को अन्त्यमा अन्य सम्पत्तिको जोखिमको लागि रु. २८०,७७३,१६३।- (गत वर्ष रु. ४०४,२९४,५४२।-) व्यवस्था गरिएको छ। उक्त हिसाबमा बांकी रहेको मौज्दात रकमको विस्तृत विवरण देहाय बमोजिम छ :

विवरण	यस वर्ष रु.	गत वर्ष रु.
एजेन्सी मौज्दातहरु (अनुसूची ४.१०)	२७,०८०,२७१	१०२,११०,०३२
बिना सूचना ड्राफ्ट भूक्तानी (अनुसूची ४.१६)	९१,६०१,३७८	१३८,४९९,९७५
विविध आसामीहरु (अनुसूची ४.१६)	३२,३७४,२९३	३१,६०७,६८३
निक्षेप हिसावमा ओभरड्रन भएको रकम	५६,१८८,०२८	५६,६६७,२०८
मार्गस्थमा रहेका सम्पत्ति तथा अन्य रकमहरु (अनुसूची ४.१६)	३५,७९२,००९	३६,३८४,६४७
अन्य सम्पत्तिको लागि जोखिम व्यवस्था	**३७,७३७,१८४**	**३९,०२४,९९७**
के.का हिसाबमा रहेका पूराना रकम (डेबिट मौज्दातको १ प्रतिशत)	२०,०५६,४७८	१६,९९८,१३९
मार्गस्थ नगद	२,८६६,३२१	२,८६६,३२१
पुरानो स्टेसनरी (मौज्दातको ५ प्रतिशत)	५८३,०३१	४२६,२५३
सापटीमा तथा पेश्कीमा रहेका पूराना रकमहरु	७,११५,६९२	६६३,८१२
नेपाल राष्ट्र बैंक हिसाबमिलानको लागि व्यवस्था	१,४५९,३९५	१,४५९,३९५
एकीन हुन नसकेको सरकारी कारोबारबाट पाउनुपर्ने पुरानो रकम	१,९५९,४६३	१,९५९,४६३
एकीन हुन नसकेको निवृत्तभरण भुक्तानीको सोधभर्ना बापत पाउनुपर्ने पुरानो रकम	३,६९६,८०५	३,९३४,५१३
अन्य हिसाबमिलान हुन बांकी रकमहरु	-	१०,७१७,१०१
जम्मा	**२८०,७७३,१६३**	**४०४,२९४,५४२**

अन्य सम्पत्तिका लागि जोखिम व्यवस्था रु.३७,७३७,१८४ (गत वर्ष रु.३९,०२४,९९७) लाई अन्य दायित्व अन्तर्गत प्रस्तुत गरिएको छ।

१८.२ निक्षेप हिसाबमा ओभरड्रन भएका रकम रु.५६,१८८,०२७।९४ (गत वर्ष रु.५६,६६७,२०७।७८) लाई वित्तीय विवरणको अनूसुची ४.१६ अन्य सम्पत्ति शीर्षकको अन्य रकममा समावेश गरी प्रस्तुत गरिएको छ। निक्षेप हिसाबमा ओभरड्रन भएको रकमलाई शतप्रतिशत व्यवस्था गरिएको छ।

१८.३ गत अवधिका आम्दानी / खर्च समायोजन

गत अवधिका आम्दानी/खर्चहरुको समायोजनको लागि यस वर्षको नाफा नोक्सान हिसाबमा असर नपर्ने गरी नाफा नोक्सान बांडफांड खातामा रु.१,०४७,४७६ लाई खर्चको रुपमा देखाइएको छ फलस्वरुप संचित नाफानोक्सानमा मात्र यसको असर रहेको छ।

विवरण	रकम रु.
आम्दानी	
सरकारी कारोबार कमिशन	१,३५०,०००.००
जम्मा आम्दानी	**१,३५०,०००.००
खर्च	
घरभाडा खर्च	१५,८५०.००
पानी, बत्ती तथा बिजुली	१६५,३८२.५९
फर्निचर तथा फिक्सचर्स मर्मत	१४,९००.००
कार्यालय उपकरण मर्मत	८०,१७७.७५
सवारी साधन मर्मत	९०,८५९.९१
संचार खर्च	३४२,०५६.०९

स्टेशनरी खर्च	३४,३७२.००
पत्रपत्रिका खर्च	५९५.००
कानूनी खर्च	७२०.००
नखप्ने स्थिर सम्पत्ति	३,५५०.००
प्राविधिक सेवा खर्च	१३,७५६.५२
इन्धन खर्च	३२,४०७.००
सफाई खर्च	४,४५४.००
कर तथा तिरो	१५,०७५.००
विविध खर्च	८५,८२५.००
कमिशन तथा डिस्काउण्ट	१९०,८५०.४४
सेवा शुल्क	२७२,६८०.००
भिसा इन्टरचेन्ज चार्ज	६९८,०००.००
एजेन्सी हिसाब	३२९,९३०.६१
विदेशी मुदा सटही घटबढ	६,०१४.४२
जम्मा खर्च	**२,३९७,४५६.३३**
खूद आम्दानी/(खर्च)	**(१,०४७,४५६.३३)**

गत अवधिका समायोजन विगत एकै वर्षसंग सम्बन्धित नरहेकाले विगत वर्षका रकमहरु पूनःलेखन गरिएको छैन ।

१८.४ बैंकसम्बद्ध कानूनी प्रक्रियामा रहेको मुद्धाहरुको विवरण

१८.४.१ कर्जा असुलीको क्रममा ऋण असुली न्यायाधिकरणमा दायर गरिएको मुद्दाहरुको अवस्था

बैंकले कर्जा असुलीको क्रममा आ.व. २०६०/६१ देखि आ.व २०७०/७१ सम्ममा सावां रु.३ अर्ब २४ करोड ५५ लाख र ब्याज रु. ९ अर्ब ४२ करोड ६७ लाख गरी जम्मा रु. १२ अर्ब ६७ करोड २३ लाख असुल गरिदिन ऋण असुली न्यायाधिकरणमा जम्मा ९०२ वटा मुद्दा दायर गरेको थियो । उक्त मुद्दाहरुमध्ये रु. २ अर्ब ८३ करोड ४ लाख सावां र रु. ८ अर्ब १८ करोड २९ लाख व्याज गरी जम्मा रु. ११ अर्ब १ करोड ३३ लाख बराबर ८९६ वटा मुद्दाहरु आपसी मिलापत्र तथा उक्त न्यायाधिकरणबाट फैसला भइसकेको छ । न्यायाधिकरणले आ.व २०७०/७१ सम्ममा फैसला गरेकोमध्ये २४८ फैसलाको सावां रु. १ अर्ब ५० करोड १७ लाख र ब्याज रु. ३ अर्ब ९७ करोड ९१ लाख गरी जम्मा रु. ५ अर्ब ४८ करोड १७ लाख असुल गर्न बांकी रहेको छ । यस आ.व.को अन्त्यमा ऋण असुली न्यायाधिकरणमा दायर गरिएको उपरोक्त मुद्दाहरुमध्ये सावां रु. ४१ करोड ५२ लाख र ब्याज रु. १ अर्ब २४ करोड ३९ लाख गरी जम्मा रु.१ अर्ब ६५ करोड ९१ लाख दावी सहितको ६ वटा मुद्दाहरुको फैसला हुन बांकी रहेका छन् ।

१८.४.२ अन्य न्यायिक निकायहरुमा रहेको बैंकसम्बद्ध मुद्दाहरुको अवस्था

यस आ.व.को अन्त्यसम्ममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विभिन्न अभियोगमा विशेष अदालतमा मुद्दा दायर गरेको कारण ८ जना स्वतः निलम्बन तथा बैंकले ठगी तथा अन्य कसूरमा निलम्बन गरेको ९ जना समेत गरी जम्मा १७ जना कर्मचारीहरु निलम्बनमा रहेको छन् ।

यस आ.व.को अन्त्यसम्ममा बैंकले विभिन्न न्यायिक निकायमा दायर गरेका आयकर, अपहेलना, रिट, करार, किर्ते, जालसाजी, बदर दाबी भएको, बिगो भरी पाउने र अन्य विषयका मुद्दाहरु मध्ये १३५ मुद्दाहरुको फैसला हुन बांकी छन् । उक्त मुद्दाहरुमध्ये आयकरसंग सम्बन्धित मुद्दाहरुको सम्भावित दायित्वलाई अनुसूची ४.१७ : सम्भावित दायित्व अन्तर्गत समावेश गरी देखाईएको छ । बांकी मुद्दाहरुबाट बैंकलाई थप व्ययभार नपर्ने बैंक व्यवस्थापनको अनुमान रहेको छ ।

१८.५ नगद तथा बैंक मौज्दात (Cash and Cash Equivalents):

नगद प्रवाह विवरणमा प्रस्तुतिकरणको लागि बैंकमा रहेको नगद मौज्दात, नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा अन्य स्वदेशी तथा विदेशी बैंकहरुमा रहेको स्वतन्त्र मौज्दात रकमहरुलाई नगद तथा बैंक मौज्दात (Cash and Cash Equivalents) को रुपमा लिइएको छ । यसको विवरण तपशील बमोजिम रहेको छ :

विवरण	यस वर्ष रु.	गत वर्ष रु.
नगद मौज्दात	३,०२७,६४२,५६४।५६	२,४००,६६२,४८०।५९
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	२०,८४७,४८१,८६७।६४	११,९७३,७२९,५०८।००
बैंक /वित्तीय संस्थामा रहेको मौज्दात	५३०,६७६,६१८।५५	६८४,४२३,६३३।८१
कूल रकम	**२४,४०५,८०१,०५०।७५**	**१५,०५८,८१५,६२२।४०**

१९. पूंजीकोष पर्याप्तता विवरणसंग सम्बन्धित थप खुलासा :

१९.१ कर्जामा निहीत भारित जोखिमको शीर्षकगत विवरण:

अनुसूची ४.३०(क) बमोजिमको कर्जामा भारित जोखिमको शीर्षकगत विवरण निम्नानुसार रहेको छ :

रकम रु. हजारमा

क्र.सं.	विवरण	यस वर्ष	गत वर्ष
१	नेपाल सरकार तथा केन्द्रीय बैंक उपरको दावी	-	-
२	अन्य वित्तीय संस्था उपरको दावी	-	-
३	बैंकहरु उपरको दावी	६७९,८२१	७२४,०८७
४	स्वदेशी संस्था तथा धितोपत्र फर्महरु उपरको दावी	१७,२९१,०७८	१२,७९४,७३४
५	वैधानिक उपभोग्य तथा साना कर्जा उपरको दावी	१७,५९४,१८३	१४,१९१,१९४
६	आवासिय घरजग्गाबाट सुरक्षित दावी	२,४९६,५२९	२,२२६,६८६
७	व्यापारिक घरजग्गाबाट सुरक्षित दावी	१,१०४,०९७	१,१५१,२०१
८	भुक्तानी अवधि समाप्त भईसकेको दावी (आवासिय घरजग्गाबाट सुरक्षित दावी बाहेक)	१,५६०,५३०	२२२,५७४
९	उच्च जोखिमयुक्त दावी	३,९५२,१६६	३,२२०,४५६
१०	अन्य सम्पत्तिहरु	२,७९२,६५३	६,८८५,२२४
११	गैर कोषमा आधारित सम्पत्तिहरु	२,१८४,९९६	५,६२५,९३७
	जम्मा	**४९,६५६,०५२**	**४७,०४२,०९०**

१९.२ कर्जा जोखिम न्यूनीकरण निवारक/उपकरण/उपायहरुको विवरण:

कम रु. हजारमा

क्र.सं.	विवरण	यस वर्ष	गत वर्ष
१	स्वदेशी संस्था तथा धितोपत्र फर्महरुउपरको दावीको लागि	४,३९३	३,७२२
२	वैधानिक उपभोग्य तथा साना कर्जाउपरको दावीको लागि	८,७३४,९४२	८,१२६,७२४
३	वासलात बाहिरको कारोबारहरु उपरको दावीको लागि	१४७,८७४	३०४,३६२
	जम्मा	**८,८८७,२०९**	**८,४३४,८०८**

१९.३ समग्र जोखिम भारित सम्पत्तिको विवरण:

रकम रु. हजारमा

क्र.सं.	विवरण	यस वर्ष	गत वर्ष
१	कर्जा जोखिम	४९,६५६,०५२	४७,०४२,०९०
२	संचालन जोखिम	७,८०७,३४९	८,५६३,३४९
३	बजार जोखिम	५४,४१६	६९४,१८५
४	ने रा. बैंक निर्देशन ६.४(क)९ बमोजिम समग्र जोखिम व्यवस्थापन सन्तोषजनक नरहेकोले कूल जोखिम भारित सम्पत्तिमा ४ प्रतिशत जोखिम भार थप	२,३००,७१३	२,२५१,९८५
५	ने रा. बैंक निर्देशन ६.४(क) ७ बमोजिम सञ्चालन जोखिम व्यवस्थापन सन्तोषजनक नदेखिएकाले अघिल्लो आ.व.को कुल आम्दानीको ४ प्रतिशत Capital Charge थप	१,७०२,५८१	१,४६९,०३१
	जम्मा	**६१,५२१,१११**	**६०,०२०,६४०**

१९.४ पूंजीकोषको विवरण:

रकम रु. हजारमा

क) प्राथमिक पूंजीकोष			
क्र.सं.	विवरण	यसवर्ष	गतवर्ष
१	साधारण शेयर पूंजी	८,५८८,९७२.३०	८,५८८,९७२.३०
२	साधारण जगेडा	३,५२५,९०३.०२	३,१५८,५६३.९२
३	संचित नाफा / (नोक्सान)	(११,४५२,४८१.४६)	(१२,५७३,४१८.६७)
४	यस वर्षको नाफा / (नोक्सान)	१,४६९,३५६.४१	१,०४८,०९१.१८
५	पूंजी समायोजन कोष	४८१,१९५.६५	४८१,१९५.६५
६	स्थगन कर जगेडा	३८६,८९०.०८	४५६,३१२.६०
७	अन्य स्वतन्त्र कोषहरु	५,५००.००	५,५००.००
न्यून :			
१	इजाजत पत्र प्राप्त संस्थाको शेयरमा लगानी	२२१,६९५.८४	२२१,६९५.८४
२	वित्तिय स्वार्थ रहेको संगठित संस्थामा लगानी	३६,२५०.००	३६,२५०.००
	सम्बन्धित पक्षलाई तथा प्रतिबन्धित कर्जा लगानी	२,०४८.७८	२,१९१.०२
	जम्मा	**२,७४५,३४१.३८**	**९०५,०८०.१२**
ख) पूरक पूंजीकोष			
क्र.सं.	विवरण	यस वर्ष	गत वर्ष
१	फिर्ता नहुने अग्राधिकार शेयर	-	-
२	साधारण कर्जा नोक्सानी व्यवस्था	७१६,६५५.४५	७५०,२५८.००
३	सटही घटबढ कोष	९७,३१९.६७	९७,३१९.६७
४	लगानी समायोजन कोष	५,४८०.५३	९,९५१.४९
५	अन्य कोषहरु	(७२१,५६३.४५)	-
	जम्मा	**९७,८९२.१९**	**८५७,५२९.१६**
ख) कूल पूंजीकोष (क)+(ख)		**२,८४३,२३३.५७**	**९०५,०८०.१२**

१९.५ पूंजीकोष अनुपातको विवरण:

प्रतिशतमा

क्र.सं	विवरण	यस वर्ष	गत वर्ष
१	प्राथमिक पंजीकोष अनुपात	४.४६%	१.५१%
२	पूरक पंजीकोष अनुपात	०.१६%	१.४३%
३	**कूल पंजीकोष अनुपात**	**४.६२%**	**२.९४%**

१९.६ जोखिम व्यवस्थापन प्रणालीको संक्षिप्त विवरण :

क) कर्जा जोखिम व्यवस्थापन प्रणाली :

१. बैंकको कर्जा जोखिम पहिचान गर्न तथा सोको व्यपस्थापन गर्नको लागि जोखिम व्यवस्थापन समिति, कर्जा समिति, क्षेत्रीय कार्यालयस्तरीय कर्जा समिति तथा शाखा कार्यालयस्तरीय कर्जा समिति गठन गरिएको छ ।

२. कर्जा स्वीकृति, वितरण, सुपरिवेक्षण नवीकरण तथा पुनरावलोकन गर्नको आवश्यक प्रक्रियाहरुलाई व्यवस्थित गर्नको लागि कर्जा निर्देशिका, २०६० (संशोधन सहित), उपभोग्य कर्जा निर्देशिका, २०६१, कर्जा असुली तथा ऋण पूनरसंरचना निर्देशिका, २०६१, बैंक जमानत निर्देशिका, २०६३, धितो सुरक्षण मूल्याङ्कन निर्देशिका, २०६४, कृषि कर्जा नीति तथा निर्देशिका, २०६९ तर्जुमा भई तथा समय-समयमा परिपत्रहरु जारी भई प्रयोगमा रहेको छ ।

३. बैंकको कोष संचालनको लागि ट्रेजरी विभाग, कर्जा लगानी तथा व्यवस्थापनको लागि संस्थागत तथा साना मझौला कर्जा विभाग, संरचना तथा सहवित्तियकरण कर्जा विभाग तथा कृषि तथा सामाजिक कर्जा विभागको गठन भएको छ ।

४. समस्याग्रस्त तथा खराब ऋणहरुको असुलीको लागि जोखिम व्यवस्थापन समिति तथा कर्जा असुली तथा ऋण पूनरसंरचना विभागलाई उत्तरदायी बनाईएको छ ।

५. बैंकले आवधिकरुपमा कर्जा सघनताको अनुगमन गरी कर्जाको क्षेत्रगत विविधतालाई प्रवर्द्धन गर्ने नीति लिएको छ । यसकारण बैंकको कर्जाको व्यापक क्षेत्रगत विविधता रहेको छ ।

६. बैंकको लगानी तथा कोष संचालन निर्देशिका बमोजिम आन्तरिक लेखापरीक्षण विभागले अर्धवार्षिकरुपमा लगानीहरुको पूनरावलोकन गरी सोको नेपाल राष्ट्र बैंक तथा ट्रेजरी विभागलाई प्रतिवेदन उपलब्ध गराउने व्यवस्था बमोजिम उक्त विभागले अर्धवार्षिक रुपमा लगानीहरुको पूनरावलोकन गरी सम्बन्धित निकायहरुलाई प्रतिवेदन उपलब्ध गराउँदै आएको छ ।

ख) बजार जोखिम व्यवस्थापन प्रणाली :

१. बैंकले तरलता जोखिम व्यवस्थापनको औजारको रुपमा अन्तर विष्लेषण (Gap Analysis) तथा तरलताको तालिका (Liquidity Table) को प्रयोग गर्दै आएको छ ।

२. ब्याज दरसम्बन्धी जोखिमको व्यवस्थापनको लागि आवधिक रुपमा पूनरावलोकन गरी आवश्यक सुधारात्मक उपायहरु पहिचान गर्ने प्रयोजनको लागि सम्पत्ति तथा दायित्व समिति (ALCO Committee) को गठन गरिएको छ । उक्त समितिले नियमितरुपमा ब्याज दर तथा तरलतासम्बन्धी जोखिमको पूनरावलोकन गर्दै आएको छ ।

ग) संचालन जोखिम व्यवस्थापन प्रणाली :

१. बैंकले आफ्नो आन्तरिक नियन्त्रण प्रणाली स्थापित तथा चुस्त दुरुस्त बनाउन विभिन्न नीति, नियम, निर्देशिका, परिपत्र तथा निर्देशनहरु तर्जुमा तथा लागु गरी सोको माध्यमबाट संचालन सम्बन्धी जोखिमलाई न्यूनीकरण तथा व्यवस्थापन गर्दै आएको छ । संचालन जोखिम व्यवस्थापनको लागि तर्जुमा भएका तथा प्रयोगमा रहेका नीति तथा निर्देशिकाहरु निम्नानुसार रहेका छन् :

- बैंकको सांगठनिक संरचना,
- लगानी तथा कोष संचालन निर्देशिका, २०६२
- कर्जा निर्देशिका, २०६० (संशोधन सहित),
- उपभोग्य कर्जा निर्देशिका, २०६१,
- कर्जा असुली तथा पूनरसंरचना निर्देशिका, २०६१,
- बैंक जमानत निर्देशिका, २०६३,
- धितो सुरक्षण मूल्याङ्कन निर्देशिका, २०६४,
- कृषि कर्जा नीति तथा निर्देशिका, २०६९
- लेखा निर्देशिका, २०६१,
- बजेट निर्देशिका, २०६०
- आन्तरिक लेखापरीक्षण निर्देशिका, २०६०,
- सूचना तथा प्रविधि नीति तथा निर्देशिका, २०६८
- शाखा संचालन निर्देशिका, २०६४ (संशोधन २०६९)

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

संस्थापक, संस्थापक समूहका शेयर धनीले आफनो स्वामित्वमा रहेको शेयर अन्य बैक तथा वित्तिय संस्थामा धितो राखी कर्जा लिएको विवरण

२०७१ आषाढ मसान्तमा

अनुसूची ४.३४

क्र.सं.	संस्थापक , संस्थापक समूह अन्तरगत पर्ने शेयरधनीको नाम	संस्थापकको स्वामित्वमा कायम रहेको शेयर		कर्जा विबरण			कैफियत
		कूल कित्ता संख्या	कूल चुक्ता पूंजीको प्रतिशत	कर्जा लिएको अन्य बैंक, वित्तिय संस्थाको नाम	कर्जा रकम	धितोमा रहेको शेयर कित्ता संख्या	
१	–	–	–	–	–	–	संस्थापक , संस्थापक समूहका शेयर धनीले आफनो स्वामित्वमा रहेको शेयर अन्य बैक तथा वित्तिय संस्थामा धितो राखी कुनै कर्जा लिएका छैनन् ।

अनुसूची ४.३५

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

सिंहदरबार प्लाजा, काठमाण्डौं

आ.व. २०७०/७१ को लेखापरिक्षण नभएको र लेखापरिक्षण भएको वित्तीय विवरणको तुलनात्मक बिवरण

रकम रु. हजारमा

क.सं.	विवरण	लेखापरीक्षण नभएको वित्तीय विवरण अनुसार	लेखापरीक्षण भएको वित्तीय विवरण अनुसार	फरक		फरकका कारणहरु
				रकम रु मा	%	
१.	**कूल पूजी तथा दायित्व (१.१ देखि १.७ सम्म)**	१२६,८५६,२७०	१२६,९२३,८६४	(६७,५९४)	(०.०५)	
१.१	चुक्ता पूंजी	८,५८८,९७२	८,५८८,९७२	-	-	
१.२	जगेडा	(५,५८३,४२३)	(६,२०२,४००)	६१८,९७७	(११.०९)	नोट नं १
१.३	डिवेन्चर तथा बण्डहरु	-	-	-		
१.४	सापटी	१,७७८,६००	१,७७८,६००	-	-	
१.५	निक्षेपहरु	१०७,२६९,९४२	१०७,२६९,९४२	-	-	
	क. स्वदेशी मुद्रामा	१०७,१८२,९०४	१०७,१८२,९०४	-	-	
	ख. विदेशी मुद्रामा	८७,०३८	८७,०३८	-	-	
१.६	आयकर दायित्व	-	-	-		
१.७	अन्य दायित्वहरु	१४,८०२,१७९	१५,४८८,७५०	(६८६,५७१)	(४.६४)	नोट नं २
२.	**कूल सम्पत्ति (२.१ देखि २.७ सम्म)**	१२६,८५६,२७०	१२६,९२३,८६४	(६७,५९४)	(०.०५)	
२.१	नगद तथा बैंक मौज्दात	२४,६६८,५९५	२४,४०५,८०१	२६२,७९४	१.०७	नोट नं ३
२.२	माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	३८७,८७३	३४१,०७५	४६,७९८	१२.०७	नोट नं ४
२.३	लगानी	३२,०६०,६४५	३२,१०७,४४५	(४६,७९९)	(०.१५)	नोट नं ५
२.४	कर्जा तथा सापट	६०,८५४,८४९	६०,८५४,८४९	-	-	
२.५	स्थिर सम्पत्ति	१,१७२,४८२	१,१७१,५७६	९०६	०.०८	नोट नं ६
२.६	गैह् बैकिंग सम्पत्ति	१०२,९८०	१०२,९८०	-	-	
२.७	अन्य सम्पत्तिहरु	७,६०८,८४५	७,९४०,१३८	(३३१,२९३)	(४.३५)	नोट नं ७
३.	**नाफा नोक्सान हिसाव**					
३.१	व्याज आम्दानी	६,११४,६८३	६,१०४,५५७	१०,१२६	०.१७	नोट नं ८
३.२	व्याज खर्च	२,२२३,७९१	२,२२३,७९१	-	-	
क. खूद व्याज आम्दानी (३.१- ३.२)		३,८९०,८९२	३,८८०,७६६	१०,१२६	०.२६	
३.३	फि, कमिशन तथा डिस्काउण्ट	४०५,६८२	४१०,५६०	(४,८७८)	(१.२०)	नोट नं ९
३.४	अन्य संचालन आम्दानीहरु	३७५,६२१	३७१,०४९	४,५७२	१.२२	नोट नं १०
३.५	विदेशी विनिमयबाट नाफा। नोक्सान (खूद)	३३,८६२	३३,७४७	११५	०.३४	नोट नं ११
ख. कूल संचालन आम्दानी (क+३.३+३.४+३.५)		४,७०६,०५७	४,६९६,१२२	९,९३५	०.२१	
३.६	कर्मचारी खर्चहरु	२,३४९,६८६	२,२६६,१५५	८३,५३१	३.५५	नोट नं १२
३.७	अन्य संचालन खर्चहरु	७३२,३२५	७३१,८५१	४७४	०.०६	नोट नं १३
ग. व्यवस्था अघिको संचालन मूनाफा(ख-३.६-३.७)		१,६२४,०४६	१,६९८,११६	(७४,०७०)	(४.५६)	
३.८	संभावित जोखिम वापत व्यवस्था	६३८,९४५	८१९,९१३	(१८०,९६८)	(२८.३२)	नोट नं १४
घ. संचालन मूनाफा (ग-३.८)		९८५,१०१	८७८,२०३	१०६,८९८	१०.८५	
३.९	गैह्र संचालन आम्दानी नोक्सानी (खूद)	६,०२१	१५७,४९०	(१५१,४६९)	(२,५१५.६८)	नोट नं १५
३.१०	संभावित जोखिम वापत व्यवस्थाबाट फिर्ता	८६७,४९२	८३७,५११	२९,९८१	३.४६	नोट नं १६
ङ.नियमित कियाकलापबाट आम्दानी (घ+३.९+३.१०)		१,८५८,६१४	१,८७३,२०४	(१४,५९०)	(०.७८)	
३.११	असामान्य आम्दानी तथा खर्चहरु (खूद)	१४६,६८१	१५५,७०३	(९,०२२)	(६.१५)	नोट नं १७
च. बोनस तथा कर अघिको नाफा (ङ+३.११)		२,००५,२९५	२,०२८,९०७	(२३,६१२)	(१.१८)	
३.१२	कर्मचारी वोनस व्यवस्था	-	१५०,२८९	(१५०,२८९)	१००.००	नोट नं १८
३.१३	आयकर व्यवस्था स्थगन कर खर्च	२७१,९०४	४१,९२३	२२९,९८१	८४.५८	नोट नं १९
छ. खूद नाफा नोक्सान (च-३.१२-३.१३)		१,७३३,३९१	१,८३६,६९५	(१०३,३०४)	(५.९६)	

नोट :

नोट नं.	विवरण
१	नोट नं. ८ देखि १९ सम्मको बुंदा अनुसार नाफा नोक्सान हिसाबमा पर्ने असर र नेपाल लेखामान अनुसार कर्मचारीहरुको घोषित अवकाश सुविधा दायित्वहरुको पूनर्मूल्यांकन नोक्सान रु.७२,१५,६३,४५३।०० समेतले असर गरेको ।
२	कूल कर्मचारी अवकाश दायित्वहरुमा रु. ६३,८०,०४,७३९।०० ले वृद्धि भएको, अन्तरशाखा हिसाबमा रु. ३२,००,२२,५५९।७९ ले कमी आएको, कर्मचारी बोनस व्यवस्थामा रु. १५,०२,८९,४४३।३७ थप भएको, कर्जा नोक्सानी व्यवस्थामा रु.१८,०९,६७,३५१।९० थप भएको अन्य व्यवस्था मौज्दातमा रु. ३,२९,८९,७२८।६० वृद्धि लगायत अन्य समायोजनको गरिएको ।
३	लेखांकन गर्न छुट भएको भा.रु. कोषबाट रकम झिकेको कारोबार रु. २४,२३,१३,६००।०० लेखांकन गरेको तथा ने.रा.बैंक ड्राफ्ट कारोबार र नोटकोष कारोबारको लेखांकन गरेको गरेको ।
४	माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा लेखांकन हुनुपने रकम अन्य लगानी रकममा लेखांकन भएकोले पूनर्वगीकरण गरी प्रस्तुत गरिएको ।
५	माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा लेखांकन हुनुपने रकम अन्य लगानी रकममा लेखांकन भएकोले पूनर्वगीकरण गरी प्रस्तुत गरिएको ।
६	थप ह्रास खर्च रु. ७,९३,००७।७० लेखांकन गरिएको र पट्टा सम्पत्तिमा रु. १,०१,३८८।१० अपलेखन गरिएको तथा ह्रासकट्टी खर्च लेखचंकन हुनुपर्ने रकम स्थिर सम्पत्तिमा डेबिट गरिएको रकम समायोजन गर्दा ।
७	स्थगन कर खर्च रु.२४२००६१५१।२० लेखांकन गरी स्थगन सम्पत्ति घटाइएकोमा रु. १७२५८३६२३।७० रिभर्स भई स्थगन कर सम्पत्ति बढेको, पाउनुपर्ने रकममा रु. १५१४६९०४४।७० पाउनुपर्ने लाभांश थपिएको, पाउनुपर्ने पेन्सन रकममा रु. ५१००१७५५।१० थप लेखांकन गरिएको, अग्रीम आयकर शीर्षकमा घटाइएको रु. २,७५,००,०००।- रिभर्स गरिएको लगायत अन्य समायोजन भएको ।
८	शाखा कार्यालयहरुले फि, कमिशन तथा डिस्काउण्ट, अन्य आम्दानीमा लेखांकन गर्नुपर्ने रकम ब्याज आम्लानी शीर्षकमा लेखांकन गरेकोले सोको पूनवर्गीकरण गर्दा तथा ट्रेजरी विभागमा बढी लेखांकन हुन गएको रु.३२८४९२०।१६ रिभर्स गरी हिसाबमिलान गरेको ।
९	शाखा कार्यालयहरुले अन्य आम्दानीमा लेखांकन गर्नुपर्ने रकम फि, कमिशन तथा डिस्काउण्ट शीर्षकमा लेखांकन गरेकोले सोको पूनवर्गीकरण गर्दा तथा लेखांकन गर्न छुट हुन गएको रु.४८,७८,११४।५० लेखांकन गरेको ।
१०	शाखा कार्यालयहरुले अन्य आम्दानीमा लेखांकन गर्नुपर्ने रकम फि, कमिशन तथा डिस्काउण्ट शीर्षकमा लेखांकन गरेकोले सोको पूनवर्गीकरण गर्दा तथा लेखांकन गर्न छुट हुन गएको रु.१८,२१,२३४।९० लेखांकन गरेको ।
११	भा.रु.कोष कारोबारको बट्टा खर्च लेखांकन गर्न छुट भएको रकम रु. ११५३८४।४८ लेखांकन गरेको ।
१२	पेन्सन तथा उपदान, सावधिक जीवन बीमासंचित बिदा लगायतका कर्मचारी अवकाश सुविधाहरुबापत रु. ६०,००,००,०००।०० व्यवस्था गरिएकोमा Acturial Valuation Report अनुसार यस आ.व.को अवकाश सुविधा खर्च रु.५१,६४,४१,२८७।०० मात्र देखिएकोले बढी व्यवस्था गरिएको रकम फिर्ता गरिएको ।
१३	बैंकको बाह्य लेखा परीक्षकको कैफियतबमोजिम व्यवस्थापनको कर्जा नोक्सानी व्यवस्थाबापत रु.१८,०९,६७,३५१।९० थप गरेकोले ।
१४	आ.व. २०७०/७१ को लेखापरीक्षण खर्च रु. १९१७०००।००, सेवा शुल्क रु. ४२२७२०।००, ह्रास कट्टी खर्च रु. ७,९३,००७।७ लगायत खर्च लेखांकन गर्न तथा विगत वर्ष संग सम्बन्धित खर्चहरु रु.२०६१५११।३० लाई सम्बन्धित शीर्षकहरु रिभर्स गरी विगत वर्ष खर्चमा लेखांकन गर्न तथा अन्य समायनेजन समेत ।
१५	नेपाल राष्ट्र बैंकले नेपाल इन्भेष्टमेन्ट बैंक लि.तथा नेपाल आवाश फाइनान्स लि.लाई यस बैंकले पाउनुपर्ने लाभांश भुक्तानी गर्न रोक लगाएकोमा यस बैंकले वित्तीय विवरणप्रमाणित हुने मितिसम्ममा नेपाल इन्भेष्टमेन्ट बैंक लि. तथा नेपाल आवाश फाइनान्स लि.को शेयरहरु बिक्री गरिसकेकोले यस आ.व. २०७०/७१ समाप्त हुनुपूर्व भुक्तानी अधिकार प्राप्त भइसकेको लाभांश रु. १५१,४६९,०४४।७० लाई यसै वर्षको आम्दानी लेखांकन गरिएकोले ।
१६	अन्य सम्पत्तिहरुको लागि राखिएको व्यवस्थाबाट फिर्ता गरिएको रकममध्ये यस वर्ष कायमै राख्नुपर्ने व्यवस्था खर्च गरिएकोले ।
१७	अपलेखन गरिएको कर्जा असुली शीर्षकमा लेखांकन हुनुपर्ने रकम अन्य शीर्षकहरुमा लेखांकन हुन गएकोले सोको पूनवर्गीकरण गरेको
१८	ने.रा.बैंकले आ.व. २०६९/७० को वित्तीय विवरण प्रकाशनको लागि स्वीकृति प्रदान गर्दा कर्मचारी बोनस खर्च व्यवस्था नगर्न निर्देशन दिएकाले उत्तः व्यवस्था नगरिएकोमा यस वित्तीय वित्तीय विवरण प्रमाणीकरण मिति अगावै सर्वोच्च अदालतले सो बुंदा कार्यन्वयन नगर्न नगराउन अन्तरिम आदेश भएकोले यस आ.व.को कर अघिको खुद मुनाफाको ८ प्रतिशतले हुने रकम कर्मचारी बोनस व्यवस्था गरिरएको ।
१९	आ.व. २०७०/७१ मा आयकर ऐन २०५८ अनुसार आय कर नलाग्ने भएकोले सो रकम रिभर्स गरिएको, स्थगन कर खर्च लेखांकन रु. २४,२०,०७,१५१।६० लेखांकन गरिएकोमा रु.६,९४,२२,५२७।५० मात्र खर्च लेखांकन गर्नुपर्ने भएकोले बढी भएको रकम रिभर्स गरिएको तथा विगत आ.व. देखि आयकर बापत व्यवस्था रु. २,७५,००,०००।०० कर तिर्नुनपर्ने भएकोले रिभर्स गरिएको ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.

नेपाल राष्ट्र बैंक
बैंक सुपरिवेक्षण विभाग
गैर-स्थलगत सुपरिवेक्षण महाशाखा

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
पोष्ट बक्स नं. : ७३
फोन नं.: ४४१७४९७
आन्तरिक: २०४,२०५ र २०६
फ्याक्स नं.: ४४१२३०६
E-mail : bsdoffsite@nrb.org.np
Web Site: www.nrb.org.np

पत्रसंख्या:- बै.सु.वि./अफसाइट/एजिएम/२८/२०७१-७२

मिति २०७१/१२/०८

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
सिंहदरवार प्लाजा, काठमाडौं।

विषय: वित्तीय विवरण प्रकाशन सम्वन्धमा।

महाशय,

तपसिलमा उल्लेखित निर्देशन कार्यान्वयन एवं वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशित गर्ने गरी वार्षिक साधारण सभामा स्वीकृतिको लागि पेश गर्ने प्रयोजनार्थ मात्र आर्थिक वर्ष २०७०/७१ को वित्तीय विवरण र सो साथ संलग्न अनुसूचीहरु सार्वजनिक गर्न सहमति प्रदान गरिएको व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु ।

तपसिल:

१. बैंक कुल सञ्चित मुनाफाको अवस्थामा नपुगेसम्म बोनस बापत व्यवस्था गरिएको रकम वितरण नगर्नु हुन ।

२. लेखापरीक्षकले औल्याएका केही प्रमुख कैफियतहरुमा निम्नानुसारका निर्देशनहरुको समेत कार्यान्वयन र उक्त प्रतिवेदनमा उल्लेख गरिएका सवै कैफियतहरुको सुधार प्रभावकारी रुपमा गरी जानकारी दिनुहुनका साथै त्यस्ता कैफियतहरु पुन: दोहोरिन नदिने व्यवस्था मिलाउनु हुन ।

- अन्तर शाखा हिसाव मिलानको अवस्था कमजोर भएको कारण यस्तो हिसाबमा ठुलो रकम वक्यौता देखिएको र सो लाई हिसाब मिलान गरी जानकारी दिनका लागि विगत वर्षहरु देखि निर्देशन दिइँदै आइएको तर सो को कार्यान्वयन यस वर्ष समेत सन्तोषजनक ढङ्गबाट भएको नदेखिएको हुँदा, यस तर्फ विषेश ध्यान दिई शाखा हिसाब मिलान गर्ने कार्य प्रभावकारी रुपमा अगाडी बढाउन ।
- निक्षेप खाताहरुबाट मौज्दातभन्दा बढी झिकेको रकममध्ये ज्यादै न्युन रकममात्र असुली भएको पाइएकोले उक्त रकम प्रभावकारी रुपमा असुली गर्ने व्यवस्था गर्न ।
- असुल गर्न बाँकी ब्याज र ब्याज मुल्तबी हिसाव समग्र रुपमा जम्मा रु. ६ करोड ६१ लाख ९३ हजारले फरक परेको सम्वन्धमा कारण पत्ता लगाई आवश्यक हिसाव मिलान हुन नसकेको । साथै विगत वर्षहरु देखिनै कर्जाहरुको सावाँ शुन्य भईसक्दा पनि उक्त कर्जा अन्तर्गत लिनुपर्ने रु २९ करोड २ लाख ८६ हजार देखिँदै आएको छ । यसरी फरक परेको कारण पत्ता लगाई आवश्यक हिसाब मिलान गर्न ।
- साबिकमा नेपाल खाद्य संस्थानबाट रु ७ लाख ८० हजारमा खरिद गरेको भद्रकाली प्लाजा स्थित १५ रोपनी १ आना ३ पैसा जग्गाको हाल सम्म पनि जग्गाधनी दर्ता प्रमाणपुर्जा बैंकले प्राप्त गरेको छैन । यस वापत हुने दायित्वको पनि व्यवस्था गर्न ।
- कर्जा प्रवाह गर्दा प्रयोग नभएको सिमालाई समेत वर्षान्तमा लेखांकन गरेको सन्दर्भमा, त्यस्तो कार्य लेखा सिद्धान्तको प्रतिकुल हुने गरी काल्पनिक रुपमा लेखांकन भएकोले सुधार गर्नका लागि गत वर्ष निर्देशन दिइएकोमा हालसम्म पनि पालना नभएको पाईएकोले यस सम्बन्धमा स्पष्टिकरण पेश गर्न ।
- बैंकको आन्तरिक संचार एवं सूचना प्रणाली चुस्त नभएको कारण मार्गस्थ हिसावमा मौज्दात बाँकी रहेकोले बैंकको सम्पत्ती, दायित्व, आय तथा व्ययमा असर पर्न जाने हुँदा उक्त प्रणाली चुस्त बनाउन ।
- मुख्य शाखा कार्यालय काठमाण्डौंले २३ वर्ष अगाडीदेखि जिम्मेवारी सार्दै ल्याएको रकम रु. ४ करोड ३६ लाखमा यस वर्ष रु. ४ लाख मात्र असुल भएको पाइएकोले बाँकी रकम असुलीका लागि यथाशिघ्र कारवाही अगाडी बढाउन ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.

नेपाल राष्ट्र बैंक
बैंक सुपरिवेक्षण विभाग
गैर-स्थलगत सुपरिवेक्षण महाशाखा

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
पोष्ट बक्स नं. : ७३
फोन नं.: ४४१७४९७
आन्तरिक: २०४,२०५ र २०६
फ्याक्स नं.: ४४१२३०६
E-mail : bsdoffsite@nrb.org.np
Web Site: www.nrb.org.np

- खर्चका लागि लिएको पेश्की रु. ६७ लाख ५ हजार एक वर्ष भन्दा बढि समय देखि फछ्र्यौट नभई खर्च भएको रकम लेखाकन नहुँदा नाफा सोही रकमले बढी देखिएको हुँदा उक्त रकम समायोजन गर्न ।
- विना सुचना ड्राफटको भुक्तानी रकम रु ९ करोड १६ लाखको पूर्ण व्यवस्था भएता पनि सो रकमको वास्तविकता पहिचान गरी हिसाब मिलान गर्न ।
- मुख्य शाखा कार्यालय अर्न्तगत विगत धेरै वर्षहरु देखि सार्दै आएको पुराना प्रतितपत्रहरुको हिसाब मिलान गर्न ।
- बैंकमा अप्रमाणित निक्षेपको भारी परिमाण सम्बन्धित खातामा जम्मा नभएको र व्याजको गणना नभएको कारणबाट बैंकको हरहिसाबको यथार्थ चित्रण हुन नसक्नुका साथै सर्वसाधारण निक्षेपकर्तालाई पर्न गएको समस्यालाई समयमै मनन गरी सोही अनुसारको आवश्यक व्यवस्था गरी जानकारी दिनका लागि गत वर्ष नै निर्देशन दिइएकोमा सो मा सुधार हुन नसकेको पाइएकोले यस सम्बन्धमा स्पष्टिकरण पेश गर्न ।

३. समान प्रकृतिका कैफियतहरु दोहोरिएको र विगतमा दिइएका निर्देशनहरुको पालना गर्ने तर्फ बैंक संवेदनशील हुन पुनः ध्यानाकर्षण गराइन्छ ।

भवदीय,

(बासुदेव भट्टराई)
उप-निर्देशक

बोधार्थ :
१. नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
२. राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, डेस्क ।

महत्वपूर्ण टिपोटहरु

रा.वा. बैंक प्रस्तुत गर्दछ, राष्ट्र सेवक कर्जा

निजामती तथा जंगी कर्मचारीहरु, सरकारी तथा अर्धसरकारी संघ, संस्थामा कार्यरत
स्थायी कर्मचारीहरुको वितीय आवश्यकता परिपुर्तिको लागि.....

रु १० लाख वा ५ वर्षको कुल तलब भत्ताको ७०% मध्ये
जुन कम हुन्छ सोही रकम कर्जा लिन सकिने छ ।

व्याजदर: १०% प्रति वर्ष

व्याज तथा किस्ता भुक्तानी: त्रैमासिक

कर्जा भुक्तानी अवधी: ५ वर्ष

विशेषताहरू:

- यो कर्जा लिने ग्राहकहरुलाई नि:शुल्क **ATM** सुविधा प्रदान गरिने छ ।
- लकर शुल्कमा ०.५०% छुट दिइने छ । • ट्राभल चेकमा लाग्ने शुल्कमा सम्पूर्ण छुट दिईने छ ।
- **Internet Banking** तथा **Mobile Banking** सेवा शुल्क १ वर्ष सम्म लिईने छैन ।
- यो कर्जा सेवा बैंकका सबै शाखा कार्यालयहरुबाट प्राप्त गर्न सकिने छ ।
- यो कर्जा ७ कार्य दिन भित्र प्राप्त गर्न सकिने छ ।*

*सर्तहरु लागू हुनेछन् ।

निक्षेप/कर्जा - विविध सेवा

ए.टि.एम.र डेबिट कार्ड
ए.बि.बि.एस.
एस.एम.एस. बैंकिङ्ग
ई-बैंकिङ्ग
मोबाइल बैंकिङ्ग
आर.बि.बि. रेमिट

हाम्रा सेवाहरू

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
... तपाईंको आफ्नो बैंक

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
.....तपाईंको आफ्नै बैंक

Central Office:
Singha Durbar Plaza, Kathmandu, Nepal
G.P.O. Box: 8368
Tel.: 977-1-4252595 Ext. 2817/2815
Fax: 977-1-4252931 / SWIFT : RBBANPKA
Website: www.rbb.com.np